# परिच्छेद एकःपरिचय

## १.१. अध्ययनको पृष्ठभूमि

शिक्षाले हरेक व्यक्तिमा रहेको अन्तर्निहित प्रतिभालाई प्रष्फुटन गराई सर्वाङ्गीण विकास गर्दै समाजमा जीवन यापनको मार्ग प्रशस्त गर्दछ। कुनै पनि देशको विकासमा शिक्षाले अहम भूमिका खेलेको पाइन्छ । शिक्षाको विकासवाट नै देशको चौतर्फी विकास संभव छ । त्यसैले शिक्षाको माध्यमबाट देशका अशिक्षित जनसंख्यालाई शिक्षित तुल्याइए देश विकासको क्रमलाई अघि बढाउन सकिन्छ । त्यसैले कुनै पनि राष्ट्रले देश विकासको क्रममा शिक्षालाई वढी भन्दा वढी प्राथमिकता दिनु पर्ने आवश्यकता हुन्छ । जग बलियो भयो भने घर बलियो हुन्छ भन्ने उक्तिलाई मनन् गर्दै देश विकास गर्नमा विद्यालय शिक्षालाई राम्रो सर्वसुलभ तरिकाले शिक्षा प्रदान गरेमा शिक्षाको जग बलियो भई देश विकासमा टेवा पुग्दछ ।

मानव समाजलाई यो चरणसम्म ल्याइपुऱ्याउन शिक्षाको महत्वपूर्ण भूमिका रहेको पाइन्छ ।शिक्षा विकासको क्रमलाई नियाल्ने हो भने जुनसुकै वर्ग र समाजमा पनि एक पुस्तादेखि अर्को पुस्तासम्म विभिन्न संस्कृति, रितिरिवाज, परम्परा, चलन आदि हस्तान्तरण हुदै कुनै समयमा गुरुबाट भने कुनै समयमा माता/पिताबाट सिकाइ भएको पाइन्छ । प्राचीनकालमा नेपाली शिक्षाको अवस्थालाई वैदिक धर्मबाट अनुप्राणित संस्कृत शिक्षा परम्परा र बौद्ध धर्मबाट अनुप्राणित बौद्ध शिक्षा परम्परा गरी दुई भागमा विभाजन गरेको पाईन्छ । लिच्छवीकालीन राजा अंशुवर्माले गरेको शिक्षा पद्धतिको वर्गीकरण एवं परम्परा हेर्दा शैव, वैष्णव र बौद्ध धार्मिक सम्प्रदाय गरी ३ किसिमको विद्यालयहरु संचालित थिए (आ.प्र.शि.प, २०५७) ।

लिच्छवीकालमा कला, संस्कृति र शिक्षाको विकासमा विषेश पहल गरेको पाइन्छ । त्यस समयमा न्याय, दर्शन, वेद, व्याकरण, साहित्य, ज्योतिष आदि विषयहरुमा अध्ययन अध्यापन भएको पाइन्छ । मल्लकालीन राजा जयस्थिति मल्लले चौथो शताब्दीमा आफ्ना जनतालाई विभिन्न व्यावसायिक शिक्षा प्रदान गरेको पाइन्छ । उनले शिक्षाकेन्द्रको रुपमा मन्दिरलाई लिएर हेरचाह गर्न गुठीको व्यवस्था गरी शिक्षा विकासमा जोड दिएका थिए ( आ.प्र.शि.प.२०५७) ।

वि.सं. १८२५ अघि पृथ्वीनारायण शाहको उदय हुनुभन्दा पहिले नेपाल बाइसे र चौवीसे राज्यहरुमा विभाजित राजनैतिक अस्थिरताका कारण शिक्षामा त्यति विकास हुन सकेको पाइदैन । पृथ्वीनारायण शाहले नेपाल एकीकरण गरेपछि नेपाली जनतालाई शिक्षित तुल्याउन छात्रवृत्ति दिएर विदेश पढ्न पठाएका थिए । उनको अन्त्यपछि पनि नेपालको राजनैतिक अस्थिरता र दरबारीय खलबलका कारण शिक्षामा त्यति विकास भएको पाइन्न, तथापि परम्परादेखि चलिआएको शिक्षा पद्धति यथावत चल्दै गयो । संस्कृत विद्यालयहरु स्थापना गरी अध्ययन अध्यापन कार्य गरिएको थियो ।

नेपालको शिक्षा विकासको मध्यकाल भनेर वि.स. १९०३ देखि २००७ सम्मको अवधिलाई लिइन्छ जुन अवधिलाई शिक्षामा अन्धकारको युग समेत भन्ने गरिन्छ, तथापि यो समयमा नेपालको शिक्षा विकासको एउटा महत्वपूर्ण कालखण्ड समेत मान्न सकिन्छ । यसै समय देखि औपचारिक शिक्षाको प्रारम्भ भएको पाइन्छ ।

प्रथम राणा प्रधानमन्त्री जंगबहादुर राणाले बेलायत भ्रमणको क्रममा त्यहाँ भएको शिक्षा पद्धतिबाट प्रभावित भई अरुका कुरा छोड आफ्ना छोरालाई अंग्रेजी पढाऊ भन्दै वि.सं. १९१० असोज २७ गते काठमाडौंको दाखचोकमा आफ्ना सन्तानका लागि अंग्रेजी पढाउनका लागि विदेशबाट शिक्षकहरु समेत झिकाई विद्यालय खोलेका थिए । सोहि विद्यालयनै नेपालको प्रथम औपचारिक विद्यालय भन्ने गरिन्छ ।

विद्यालयीय शिक्षाको जग बलियो बनाउन र शिक्षालाई सर्वसुलभ बनाउनको लागि प्राथमिक शिक्षा परियोजना (इ.स.१९८५-१९९२), सेती परियोजना पहिलो चरण (इ.सं १९९२-१९९७), आधारभूत प्राथमिक शिक्षा परियोजना दोस्रो चरण (इ.सं. १९९९-२००४) संचालन भइ आएको छ । साथै निशुल्क माध्यमिक शिक्षाको कार्यक्रम पनि सञ्चालन भइरहेको छ । माध्यमिक तहमा भर्ना भएका सवै बालवालिकालाई आफ्नो तहको अध्ययन विभिन्न कारणले गर्दा पुरा गर्न सकिरहेका छैनन् । यो एउटा ठूलो समस्या तथा शैक्षिक क्षति हो ।

विद्यालय शिक्षालाई औपचारिक शिक्षाको पहिलो खुड्किलाको रुपमा लिइन्छ । जुनसुकै स्थान र रुपमा रहेपनि विद्यालयको प्रमुख उद्देश्य भनेको आफ्नो वरिपरि बसोबास गर्ने समुदायको शैक्षिक माग पूरा गर्नु आवश्यक सेवा उपलब्ध गराउनु हो । विद्यालयको काम शिक्षा दिनु मात्र नभई शिक्षाको माध्यमबाट सभ्य एवं उन्नतिशील समाज निर्माण गर्नु हो जसको

प्रत्येक क्षणक्षणमा उपयोग गर्न राज्यले सकोस् । जबसम्म समुदायमा शिक्षाको प्रभाव दरिलो बनाएर प्रत्येक नागरिकलाई दायित्व बोध गराउन र सोही अनुरुप शिक्षा प्रदान गर्न सकिन्न तवसम्म कुनै समाजको विकास सम्भव छैन । नेपालमा प्रजातन्त्रको स्थापना भएपछि साक्षरता प्रतिशत २% बाट बढेर हालको ६५.९% सम्म ल्याउने सन्दर्भमा विभिन्न नामबाट शैक्षिक प्रतिवेदन प्रकाशित भएका छन् जस अन्तर्गत २०११, २०१८, २०२८, २०४९ मा प्रस्तुत गरिएका शैक्षिक प्रतिवेदनहरु प्रमुख रुपमा लिइन्छ । यी प्रतिवेदनमा उल्लेख गरिएका योजना एवं सुझावहरुले आजको शैक्षिक अवस्थालाई यहाँसम्म ल्याउने काम गरेको हो । बालबालिकाको मौलिक अधिकारको रुपमा शिक्षालाई संयुक्त राष्ट्र संघको मानव अधिकार सम्बन्धी घोषणा पत्र (सन् १९४५)उल्लेख गरिएको छ,"प्रत्येकलाई शिक्षाको अधिकार हुनु पर्छ" (मानव अधिकार सम्बन्धी घोषणा पत्र, सन् १९४५) ।

नेपालले सन् १९९० मा थाइल्याण्डको जोम्टिनमा सम्पन्न भएको "सबैका लागि शिक्षा" विश्वसम्मेलनको प्रतिवद्धता अनुसार सन् २०१५ सम्ममा प्राथमिक उमेर (६ वर्षदेखि १० वर्षसम्म) का शतप्रतिशत बालबालिकाहरुलाई विद्यालयमा भर्ना गराउनुपर्ने सिफारिस गरेको थियो । सरकारले यो लक्ष्य हासिल गर्न १९९० मा आधारभूत प्राथमिक शिक्षाको गुरुयोजना समेत तयार गरी आन्तरिक तथा वाह्य स्रोतहरुको परिचालन गरी आधारभूत तथा प्राथमिक शिक्षा परियोजना संचालन गरेको थियो ।

हाल आएर विभिन्न योजना र परियोजना आदिको प्रयोगबाट विद्यालय शिक्षामा भर्ना अभियान संचालन गरी प्राथमिक विद्यालय उमेर समुहका विद्यार्थीलाई विद्यालयमा भर्ना गरिएपनि विद्यालय शिक्षामा उनीहरुलाई टिकाइराख्न नसक्नु नेपालको शैक्षिक जगतको एउटा प्रमुख चुनौती एवं समस्याको रुपमा खडारहेको छ । शिक्षा मन्त्रालयको २०७२को तथ्याङ्क अनुसार माध्यमिक विद्यालय तह(कक्षा ९र१०)को शिक्षा पूरा नगरी बीचैमा विद्यालय छाड्ने विद्यार्थीको दर ( ड्रपआउट)१७.२३ प्रतिशत छ, जुन सन्तोषजनक छैन । त्यस्तैइलाम जिल्लामा सामुदायिक माध्यमिक विद्यालयहरु ८७ वटा छन् , जहाँ अध्ययन गर्ने विद्यार्थी ४४६८ जना छात्राहरु र ३२४३ छात्रहरुगरी७७११ जना रहेका छन् । ड्रप आउट भन्नाले एक शैक्षिक सत्रभित्र सञ्चालन हुने विभिन्न शैक्षिक क्रियाकलापहरु पूरा नगरी शैक्षिक सत्रको बीचैमा, पूर्वार्धमा वा उत्तरार्धमा विद्यालय छाड्ने विद्यार्थीहरुलाई जनाउँछ ।

शैक्षिक सत्र २०७२ को तथ्याङ्क अनुसार इलाम जिल्लामा ड्रप आउट दर २७ प्रतिशत पाइएकोले त्यसको कारणहरु अध्ययनको लागि यो विषयवस्तु छनौट गरिएको छ । विशेषत: इलाम जिल्लाको चुलाचुली गा.वि.स.विविध कारणले पछाडि परेको र हरेक वर्ष विद्यालयको शैक्षिक तथ्याङ्कमा ड्रप आउट देखिने गरेकाले चुलाचुली गा.वि.स. क्षेत्रभित्रमा माध्यमिक तहको शिक्षा पुरा नगरी बीचैमा विद्यालय छाडिनाका कारणहरु भन्ने शीर्षक राखी विद्यालय छाड्ने कारणहरु तथा त्यस्तो बीचैमा विद्यालय छाड्ने प्रवृतिलाई कम गर्ने उपायहरुको खोजी गर्नका लागि अध्ययन गरिएका छ ।

## १.२ समस्याको कथन

नेपाल एउटा बहुजातीय, वहुभाषिक, वहुधार्मिक, वहुसंस्कृति समाजबाट बनेको समाजको प्रतिनिधि देश नै हो । देश विकासका लागि सम्पूर्ण समाज, जाति, भाषिक र सास्कृतिक, धार्मिक मूल्य मान्यताका समुदायको शिक्षामा समान पहुँच भएमात्र तिव्रविकास हुनसक्छ भन्ने मान्यता रहेको पाइन्छ । शिक्षामा समानताले मात्र सवै जातजाति भाषाभाषीहरुले सहीरुपमा शिक्षालाई ग्रहण गर्न नसकेको अवस्था छ । शिक्षामा सवै सम्प्रदाय र समुहलाई अनुकुल हुनेगरी शिक्षा प्रदान गर्ने नयाँ तरिका अपनाउनु पर्दछ । यसो भएको खण्डमा मात्र हरेक भाषाभाषी जातजाति, संस्कृति, धार्मिक समुदायले आफूलाई समायोजन गरी शिक्षामा पहुँच बढाउन सकिन्छ । यसैको प्रमुख कारकको रुपमा उपस्थित समस्याले गर्दा माध्यमिक शिक्षा पूरा नगरी विद्यालय छाड्ने प्रवृति रहेको पाइन्छ । यसमध्ये बिचैमा विद्यालय छाड्ने दरमा आदिबासी, जनजाति, दलित र सिमान्तकृत जातिहरुमा उच्च पाइएकोले त्यसैको सेरोफेरोमा यस समस्यालाई अध्ययन गरिएको छ ।

नेपालको सन्दर्भमा लामो समयदेखि प्रकृयामा रहेको निःशुल्क र अनिवार्य प्राथमिक शिक्षामा कार्यक्रम सञ्चालनमा आए पनि माध्यमिक शिक्षालाई निःशुल्क तथा अनिवार्यले जोड्न सकेको पाइदैन । ग्रामिण क्षेत्रका विद्यालयहरु समुदायको भरमा थोपरिनु अभिभावकहरु चन्दाको रुपमा शूल्क बुझाउन बाध्य हुनु, कापी, कलम, पोशाक लगायतमा समेत लगानी गर्ने हैसियत कतिपय बालबालिकाको अभिभावकहरुमा नहुनु विद्यार्थी टिकाउन नसक्नुका कारण बनेका छन् । त्यसरीनै परीक्षा तथा मूल्याङ्कनको तरिका परम्परागत रहिरहनुले केहि समय विद्यालय छुटेका बालबालिकाहरु पुरै विद्यालय छाड्ने गरेको समेत पाइएको छ ।

पछिल्लो समय अभिभावकहरुमा देखिएको अंग्रेजी मोहको कारणवाट संस्थागत विद्यालयमा प्रसस्त विद्यार्थी हुने तर सामुदायिक विद्यालय नाङ्गिदै जाने गरेको समेत रहेको छ । सामुदायिक विद्यालयको गुणस्तर खच्कनुले पनि विद्यार्थीहरु सामुदायिक तर्फ हिनता महसुस गरिरहेको पाइन्छ । यसको सम्पूर्ण दोष विद्यालयको शिक्षकहरुलाई दिएर आफू उम्कन खोज्ने नीति निर्माण तहका कारण शिक्षा क्षेत्रमा मजबुद र सक्षम जनशक्ति आउन नखोज्नु पनि यसको उल्लेख्य कारण बन्न सक्छ । यी विभिन्न समस्याहरु मध्ये माध्यमिक विद्यालयको शिक्षा पूरा नगरी बिचैमा विद्यालय छाड्ने विद्यार्थीको अवस्थालाई प्रमुख समस्याको रुपमा लिई यो अध्ययन कार्य अगाडि बढाइएको छ ।

शिक्षा विभाग (२०६८) अनुसार नेपालका विद्यालयहरुमा कक्षा १ मा भर्ना भएका १० बालबालिकाहरुमध्ये ७ जना मात्र कक्षा ५ मा पुग्दछन् र तिनीहरुमध्ये आधा भन्दा बढी निम्न माध्यमिक तह पुग्नु अगावै विद्यालय छोड्छन् ।

त्यस्तै शिक्षा विभागको अर्को तथ्याङ्कअनुसार कक्षा १ मा भर्ना भएका बालबालिकाहरुमध्ये ७४.३ प्रतिशत मात्र कक्षा ५ मा पुग्छन् जबकि ४५ प्रतिशत विद्यार्थी निम्न माध्यमिक तह पुन्नु अगावै विद्यालय छोड्छन् । कक्षा १० मा पुग्दा सम्म ५९.२ प्रतिशत विद्यार्थीले शिक्षा प्रणालीबाट ड्रपआउट हुन्छन् (काठमाडौं पोष्ट, अप्रिल १६, २०१५) ।

माध्यमिक विद्यालय(कक्षा ९ र १०)को शिक्षा पुरा नगरी बीचैमा विद्यालय छाड्नाले शैक्षिक रुपमा कस्तो क्षति हुन्छ? यसरी विद्यालय छाडेका विद्यार्थीहरुबाट समाजमा कस्तो विकृति उत्पन्न हुन्छ ? विद्यालय शिक्षामा सरकारले गरेको लगानी कतातिर गइरहेको छ ? भन्ने समस्यानै तड्कारो रुपमा रहेकाले यस विषयलाई समस्याको रुपमा लिइएर अध्ययन गरिएको छ ।

## १.३ अध्ययनको औचित्य

शिक्षा देश विकासको मेरुदण्ड हो भने शिक्षामा सवै बालबालिकाको समान पहुँच आजको आवश्यकता हो । शिक्षा क्षेत्रमा राज्यको तर्फबाट उल्लेखनीय लगानी भैरहेको छ । विभिन्न दातृ निकायहरुबाट समेत शिक्षाको लागि वर्षेनी प्रशस्त अनुदान सहयोग दिइरहेको वर्तमान समयमा सामुदायिक विद्यालयको शैक्षिक अवस्था भने झन झन विग्रदो अवस्थाबाट

गुज्रिरहेको छ । किन यस्तो भइरहेको छ ? किन संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयमा विद्यार्थी टिक्न र उत्पादित जनशक्ति विक्न सक्दैन आजको खोजको आवश्यकता बनेको छ ।

बिभिन्न भाषा भाषी, जातजाती, समुदाय, वर्गको संगम स्थलको रुपमा एउटा सानो समाजको रुप धारण गरेको विद्यालयले वास्तविकताको आभास दिलाउन नसकेको अवस्थामा कुनपक्षमा कहाँनेर कस्तो अवस्थामा कमीकमजोरीहरु छन् भन्ने तथ्यलाईयस अध्ययनमासमेटिएको छ । वर्तमान अवस्थामा देखिएका जटिलता, समस्याको जड कहाँनेर छ, कुन कारण विद्यार्थीहरुलाई विद्यालयमा आकर्षण गर्न सकिएन, यो कुराको बारेमा प्रमुख समस्याहरुको पहिचान गर्ने र समाधानको खोजी गर्ने गरी यो अध्ययन गरिएको छ ।

यो अध्ययनको क्रममा समस्या समाधानका लागि आवश्यक राय सुझावहरु संकलन गरी प्रस्तुत गरिएको छ । यस अध्ययनको मुख्य लक्ष्य भनेको वीचैमा विद्यालय छोड्ने कारण र त्यसवाट सृजना भएका समस्याको पहिचान गर्नु रहेको छ । यसबाट सिङ्गो समाज र राष्ट्रलाई समृद्धितर्फ अग्रसर गराउन सकिने भएकोले पनि यो अध्ययन आवश्यक छ । अध्ययन अनुसन्धानका दृष्टिले यो विषय नयाँ र नौलो नभए पनि विगतमा भएका अध्ययनहरुको अध्ययन गर्दा न्यूनिकरण गर्ने सम्बन्धमा गहन अध्ययन हुन नसकेकाले यसमा आफूले थप योगदान पुऱ्याउन सकिन्छ कि भन्ने सोचका साथ यो विषयलाई उठान गर्ने प्रयास गरिएको छ । समग्रमा विद्यालयको शैक्षिक अवस्थालाई मध्यनजर गर्दै बीचैमा कक्षा छाड्ने प्रवृतिलाई विषयको रुपमा लिई यस क्षेत्रमा देखिएका समस्याहरुको साङ्गो पाङ्गो अध्ययन गरी संकलित तथ्यको विश्लेषणको साथै प्राप्त निष्कर्ष र समस्या समाधानको उपायहरु प्रस्तुत गरिएको छ जसबाट नीति निर्माण र कार्यन्वयन गर्ने दुवै तहमा यस अध्ययनबाट आउने प्राप्तिले सहयोग पुऱ्याउने हुनाले यो अध्ययन औचित्यपूर्ण छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरु निम्न अनुसार रहेका छन् :

१.माध्यमिक विद्यालयमा विद्यार्थी सहभागिताको अवस्था पत्ता लगाउनु ,

२. विद्यार्थीहरुले बिचैमा विद्यालय छाड्नुका कारणहरु खोजी गर्नु,

३. बिचैमा विद्यालय छाड्ने दर न्यूनीकरण गर्न विद्यालयका तर्फबाट चालिएका कदमहरुको विश्लेषण गर्नु,

४. बीचैमा विद्यालय छाड्ने प्रवृतिको न्युनिकरणका उपायहरु खोजी गर्नु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु

यस अध्ययनवाट निम्नानुसारका अनुसन्धानात्मक  प्रश्नहरुको उत्तर खोज गरिएको छ :

१. माध्यमिक तहमा विद्यार्थी सहभागिताको अवस्था कस्तो छ ?

२.उक्त तहमा कुल विद्यार्थी सङ्ख्यामध्ये कक्षागत रुपमा बिचैमा विद्यालय छाड्ने छात्र छात्रा, दलित विद्यार्थी सङ्ख्या, जनजाति तथा अन्य विद्यार्थी सङ्ख्या कति छ ?

३. उक्त तहमा विद्यार्थीहरुले बिचैमा विद्यालय छाड्ने कारणहरु के के हुन्?

४.बिचैमा विद्यालय छाड्ने दर न्यूनीकरण गर्न विद्यालयले के के कदमहरु अपनाएका छन् ?

५.बिचैमा विद्यालय छाड्ने प्रवृत्ति न्यूनीकरण गर्ने उपायहरु के के छन् ?

## १.६ अध्ययनको परिसीमा

कुनै पनि विषयमा अध्ययन गर्नुपूर्व त्यसको क्षेत्र निर्धारण गर्नु आवश्यक हुन्छ । अध्ययनको उद्देश्य तथा स्रोत साधन र समयलाई मध्यनजर गरी यसको सीमाङ्कन गर्नु सान्दर्भिक हुन्छ । यसै तथ्यलाई ध्यानमा राखी यो शोधकार्यको अध्ययनको क्षेत्र निम्नानुसार निर्धारण गरिएको थियो ।

यो अध्ययन इलाम जिल्लाको दक्षिण पश्चिममा पर्ने चुलाचुली गा.वि.स.को ६ वटा माध्यमिक विद्यालयहरुको शैक्षिक सत्र २०७२को तथ्याङ्कलाई आधार मानेर माध्यमिक तहका कक्षाहरु (९ र १०) मा सिमित गरिएको छ । अध्ययनको जनसंख्याको रुपमा सम्बन्धित विद्यालयहरुका प्र.अ., शिक्षक, बिचैमा विद्यालय छाड्ने विद्यार्थीहरु, अभिभावकहरु, वि.व्य.स.का अध्यक्ष तथा सदस्यहरु र स्रोत व्यक्ति रहेका छन् । यो अध्ययनको लागि चुलाचुलीनै लिनुमा यो क्षेत्र विकासका दृष्टिले पछि परेको साथै यस क्षेत्रमा हालसम्म पनि कुनै शैक्षिक अनुसन्धान नभएकाले गर्दा लिइएको हो । यो अध्ययन विशेषत विद्यालयको शैक्षिक र मनोवैज्ञानिक पक्षसँग बढी केन्द्रित रहेकोथियो । यस अध्ययनका लागि सूचना र तथ्याङ्क संकलनका साधनहरुको वैधता कायम गरिएको छैन साथै यस अध्ययनको निष्कर्षलाई सम्पूर्ण क्षेत्रमा सामान्यीकरण गर्न सकिदैन ।

# परिच्छेद दुई
# सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

## २.१. सम्बन्धित साहित्यको पुनरावलोकन

सम्बन्धित साहित्य भन्नाले कुनै पनि विषयमा गरिने अध्ययन, अनुसन्धानसँग मिल्ने, अध्ययनलाई सहयोग पुऱ्याउने पूर्व साहित्यलाई जनाउछ । यस अध्ययनका क्रममा अनुसन्धनात्मक लेख रचना र शोधपत्रहरुको पुनरावलोकन गरी निष्कर्षको सारहरु प्रस्तुत गरिएको छ ।

गुरुङ (२०६४) ले प्राथमिक तहमा बीचैमा विद्यालय छाड्ने कारणहरुमा देशमा उपयुक्त प्रंकारको शिक्षा नीति नभएको, गुणस्तरिय मानवीय संसाधन उत्पादन गर्ने गरिको शिक्षा नभएको, देशमा प्राप्त बैदेशिक लगानीको कार्यान्वयन तल्लो निकाय अर्थात विद्यालयसम्म नपुग्ने गरेको साथै पहुँच र भनसुनका आधारमा विद्यालयहरुले शिक्षक दरबन्दी र भौतिक पूर्वाधारहरु पाउने गरेको निष्कर्ष निकालेका छन् । त्यसैगरी उनले ड्रप आउट कम गर्दै लैजानका लागि नीति निर्माण तहबाटै सुधारहुदै आउनु पर्ने, शिक्षकले आफ्नो जिम्मेवारीलाई इमान्दारीका साथ लिनु पर्ने, विद्यालयको भौतिक तथा शैक्षिक विकासमा सबै पक्षले गम्भिरताका साथ लाग्नु पर्ने  नेपालमा सम्पूर्ण बालबालिकले सहज रुपमा शिक्षा लिन पाउनको लागि स्थानिय तहमा समुदाम र राष्ट्रिय तहमा सरकारको प्रष्ट नीति निर्माण गरी सर्वसुलभ एवम् सबैले शिक्षा लिन सक्ने वातावरण बनाउनु पर्ने समेत सुझाव दिएका छन् ।

खनाल  (२०५७) का अनुसार आर्थिक, सामाजिक, मानसिक र शैक्षिक दृष्टिकोणबाट पिछडिएका एक छुट्टै समुहका रुपमा पहिचान गरिएको पकेट एरियामा बसोबास गर्दै आएका बालबालिकालाई विद्यालय शिक्षामा समाहित गराई प्राथमिक तह पार नगरुन्जेल विद्यालयमा टिकाइ राख्ने उद्धेश्यले शैक्षिक सहुलियत पाइलटिङ्ग कार्यक्रम संचालन गर्दै आएको कुरा उल्लेख गरेकाछन्  ।

यो कार्यक्रम पाइलटिङ्ग क्षेत्रका लक्षित समुहका बालबालिकाहरु आफ्नो जीवन यापनका लागि अभिभावकहरुले गरी ल्याएको आर्थिक क्रियाकलापमा आफै विद्यालय आउन नसकेको हुँदा शैक्षिक सहुलियत वितरणका साथसाथै अभिभावकहरुमा शैक्षिक चेतना अभिवृद्धि गर्न सक्षम भएको पाइयो ।

ढकाल (२०६१) का अनुसारमाध्यमिक तहमा सिकाइ स्तर कमजोर हुनुमा विद्यालयको भौतिक र अन्य व्यवस्थापन कमजोर रहेको, समाजमा व्यापक निरक्षरता रहेको, शिक्षकहरुमा तालिमको अभाव रहेको, निरीक्षण प्रणाली फितलो भएको निष्कर्ष निकाल्लिएको छ । समाजमा व्याप्त अशिक्षा हटाउनु पर्ने विद्यालयको भौतिक एंव अन्य व्यवस्थापनमा सुधार गर्नुपर्ने, शिक्षक शिक्षिकालाई तालिम दिनुपर्ने र वर्तमान निरीक्षण प्रणालीलाई लचिलो बनाउनु पर्ने, पाठ्यक्रमलाई लचिलो बनाउँदै बालबालिकाहरुको रुचि अनुसारको कक्षा संचालन गर्नुपर्ने सुझाव दिइएको छ । साथै छात्राहरुको लागि आर्थिक सहयोग गर्नुपर्ने, अभिभावकलाई आर्थिक सहयोग समेत गरी जनचेतना फैलाउने र सामाजिक रुढीवादी परम्परा, गरिबी, चेतनाको कमी, छिटो विवाह जस्ता सामाजिक रहनसहन आदि जस्ता समस्याको कारणले बीचैमा विद्यालय छाड्ने गरका छन् । उनले सुझावका रुपमा पाठ्यक्रमको परिमार्जन, शिक्षक तालिम, भौतिक व्यवस्थापन र चेतना विस्तारलाई उठाएका छन् ।

निरौला (२०६४) का अनुसार निशुल्क पाठ्यपुस्तक, दलित छात्रवृति, ५०% छात्रवृत्रि, अपाङ्ग छात्रवृति, द्वन्द्व पिडित, सहिद परिवारलाई दिएको छात्रवृति आदिले ड्रपआउट रोक्न सहयोग पुग्ने, विद्यालय सुधार योजना निर्माण अभिभावकसँगको अन्तक्रिया विद्यालयको भौतिक र आर्थिक सुधार, स्थानीय निकाय, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थासँगको सहकार्य, PSDCकार्यक्रमको सहयोग लिन सकिएमा ड्रपआउट कम हुने, अनौपचारिक शिक्षा जस्ता कार्यक्रमको प्रभावकारिता भएमा ड्रपआउट हुने प्रवृतिलाई रोक्न सहयोग पुग्न,स्थानीय स्तरमा चेतनामूलक कार्यक्रमहरु संचालन गरिएको खण्डमा ड्रपआउट रोक्न बल पुग्ने निष्कर्ष उल्लेख गरिएको छ ।

त्यस्तै जातीय रुपमा हेर्दा सबैभन्दा बढी दलित, त्यसपछि जनजाति र त्यसपछि मात्र अन्य जातिहरु ड्रपआउट भएको, आर्थिक रुपमा हेर्दा सबैभन्दा बढी गरिब, त्यसपछि मात्र मध्यम आर्थिक स्थिति भएका विद्यार्थीहरु रहेको र कुल ड्रपआउट मध्ये ६०.८% छात्रहरु, ३९.२% छात्राहरु मात्र पुनः प्रवेश गराउन सकिएकाले छात्रको तुलनामा छात्रालाई पुनःप्रवेश गराउन कठिनाइ भएको प्राप्ति उल्लेख छ । आर्थिक अवस्था, लैंगिक भेदभाव, पढाइमा कमजोरी, डर लाज, बढी बसाई सरिरहनु पर्ने आदिनै ड्रप आउटका चुनौतीहरु पाइएयो । विद्यालयमा समाहित र समावेशी शिक्षण सिकाई वातावरण तयार गर्न शिक्षकहरुलाई आवश्यक तालिम दिनुका साथै शैक्षिक सामग्रीको समेत व्यवस्था गर्न सकिएको खण्डमा ड्रपआउट दर कम हुने अभिमत प्राप्त भएको पाइएको थियो ।

एउटा विद्यालयबाट अर्को विद्यालयमा स्थनान्तरण हुँदा अनिवार्य प्रमाणपत्र दिनुपर्ने र अर्को विद्यालयमा पनि अनिवार्य प्रमाणपत्र लिएरमात्र प्रवेश गर्ने व्यवस्था भएको खण्डमा ड्रपआउट वस्तुगत हुने बीचौर व्यक्त भएको पाइयो । खासगरी नेपालमा आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरणीय अवस्थाका कारणलेनै वालबालिकाहरुले कक्षामा उपस्थित भई पठनपाठन कार्यलाई अघि बढाउन नसकी बीचैमा विद्यालय छाड्ने प्रवृति बढेको पाइन्छ ।

खनाल(सन् १९९९) ले विद्यालय तहको शिक्षा पुरा नगरी बीचैमा विद्यालय छाड्ने कारणहरुमा दैनिक ज्याला मजदुरी गर्नुपर्ने भएर, अनुतीर्ण भएर ,चाडै विवाह भएर, बढी उमेर हुनु, नियमित कक्षा नहुनु, अभिभावक अशिक्षित हुनु, विद्यालय टाढा हुनु, गरिबी आदि कारणलेड्रपआउट हुने गरेको निष्कर्ष उल्लेख गरेकी छन् ।उक्त क्षेत्रमा थारु जातिका छात्राहरुले नै बढी विद्यालय छाड्ने गरेको पाइएको थियो । अध्ययन क्षेत्रमा विभिन्न जातिहरुको बसोबास भएपनि विद्यालय बीचैमा छाड्ने धेरै जसो दलित जाति (कामी, सार्की, दमाई) मा भएको उल्लेख पाइन्छ ।

वास्तवमा बालबालिकाहरुमा बीचैमा विद्यालय छाड्ने अवस्था अशिक्षा, गरिबी, फेल हुनु, चाडै विवाह हुनु जस्ता विविध कारणहरुले उनीहरुलाई बाध्यता पर्दछ भने कतिपय बालबालिकाहरु भने आफ्नै कारण पनि बीचैका विद्यालय छाड्ने गरेको भनी उल्लेख गरेकी छन् । उनले

सुझवका रुपमा बालविवाहलाई रोक्नु पर्ने, दैनिक ज्याला मजदुरी गर्ने परिवारका बालबालिकाहरुलाई विशेष कक्षाको व्यवस्था गर्नु पर्ने,अभिभावक शिक्षाको कार्यक्रम सञ्चालन गरिनु पर्ने, छात्रावृतिलाई प्रभावकारी बनाउनु पर्ने कुराहरु उठाएकी छन् ।

प्रधान (२०३०) का अनुसार प्राथमिक तहका विद्यालयहरुमा भौगोलिक कठिनाइ, सामाजिक कठिनाइ, आर्थिक कठिनाइ, स्वास्थ्यको कठिनाइ ,शैक्षिक चेतनाको कमीका कारणनै ड्रपआउट बढी हुने गरेको छ । यस अध्ययनले औल्याएका ५ बुँदाले वास्तवमा हाम्रो सामाजिक वनावटका कारण पनि विद्यालयमा बीचैमा कक्षा छाड्ने प्रवृति बढ्दो देखिएको छ । यसका लागि सबै सरोकारवालाहरु सजग हुन जरुरी छ ।

मिश्र (२०७२) का अनुसार केटाकेटीलाई पूर्ण मानेर शिक्षा दिनु पर्ने,यसका लागि केटाकेटी वरपरको समग्र सृष्टि आनन्दमय हुनु पर्ने, यसो गरेमा स्कुलप्रति अरुचि, स्कुलबाट मुक्तिको, स्कुल छाडेर घर फर्कनुको कुनै विकल्पनै नरहने र स्कुल स्वयममा आनन्दको विषय बन्न पुग्ने उल्लेख गरेका छन् ।

प्रस्तुत लेख मिश्रले राजस्थान भारतको जयपुर जिल्ला अन्तर्गत लापोडिया गाँउमा रहेको विद्यालयमा गरेको अनुसन्धानमा आधारित रहेको छ । मिश्रको भनाइको आधारलाई हेर्ने हो भने बालबालिकाहरु जति बेलासम्म विद्यालयमा आनन्द महशुस गर्दछन् त्यतिबेला सम्म विद्यायमानै रहिरहन्छन् भने जतिबेलादेखि असहज महशुस गर्छन् त्यतिनै बेलादेखि विद्यालय छाडिदिन्छन् । यसको अर्थ विद्यालय बालमैत्रि र लैंगिक समता र समानता भएको खण्डमा विद्यार्थीले विद्यालय छाड्ने दर कम हुन्छ ।

सुब्बा (२०७०) का अनुसारविद्यार्थीले बीचैमा विद्यालय छाड्नुमा अभिभावकको गैर जिम्मेवारी, आर्थीक अभाव, शैक्षिक चेतनाको अभाव, जातिय विभेद आदि रहेको छ । सामाजिक रुपमा सबैलाई समानताको प्रत्याभूति, बेरोजगारी उन्मूलन,स्वास्थ्य सेवाको सर्बसुलभता, आदिले बीचैमा विद्यालय छाड्ने प्रबृतिलाई रोक्न सकिन्छ ।

यस अध्ययनलाई पूर्णता दिनका लागि पुनरावलोकन गरिएका सम्बन्धित साहित्यहरुमा विद्यार्थी सहभागिताको स्थिती विश्लेषण गरेको पाइएन । विद्यार्थीहरुले बीचैमा विद्यालय छाड्नुका कारणहरुमा पूर्णता खोज गरेको पाइएन । यसैगरि बीचैमा विद्यालय छाड्ने दर न्यूनीकरण गर्न विद्यालयका तर्फबाट चालिएका कदमहरु र अन्य सहज उपायहरु सुल्झ्याएको नपाइएकाले सोको परिपूर्तिका लागि यो अध्ययन गरिएको हो ।

## २.२. अध्ययनको सैद्धान्तिक खाका

जुनसुकै अध्ययन अनुसन्धान कार्य एउटा निश्चित सिद्धान्तमा आधारित हुनु पर्दछ । यस अध्ययन कार्यलाई पूर्णता दिन एल्टन मायोद्वारा प्रतिपादित व्यवस्थापनको मानव सम्बन्ध सिद्धान्तलाई प्रयोग गरिएको छ । मानव सम्बन्ध सिद्धान्त अनुसार मानव सम्बन्धले मानवीय पक्ष, व्यवहारिक पक्ष, सहयोगात्मक पक्ष, आर्थिक पक्ष र सांस्कृतिक पक्ष जस्ता कुराहरुमा जोड दिन्छ । यस अध्ययनका लागि मानवीय पक्ष, आर्थिक पक्ष, सामाजिक पक्ष र सहयोगात्मक पक्षको बारेमा हेर्दछ । जसमा विद्यालय प्रधानाध्यापक विद्यालय व्यवस्थापन समिति अध्यक्ष/सदस्य, अभिभावक, विद्यार्थी, स्रोत व्यक्ति, एवं सरोकारवालाहरु बीचको राम्रो मानवीय सम्बन्ध भएमा बालबालिकाको सकिाई कार्यक्रम सहज हुने भएको हुँदा उनीहरु बीच मानवीय सम्बन्धको अवस्था कस्तो छ र कार्यमा के असर छ ? भनी विश्लेषण गर्न व्यवस्थापनको मानव सम्बन्ध सिद्धान्त प्रयोग गरिएको छ ।

यस सिद्धान्तका अनुसार कुनै पनि संगठनमा काम गर्ने व्यक्तिहरुका बीच राम्रो मानव सम्बन्ध भएमा कार्य सम्पादन राम्रो, चाडो र स्तरीय हुने र यसको विपरित मानव सम्बन्ध राम्रो नभएमा कार्यसम्पादन नराम्रो, ढिलो र कम गुणस्तरीय हुने कुराले धेरैमा छुन थाल्यो । यस सिद्धान्तलाई अन्तरवैयक्तिक व्यवहारवाद पनि भनिन्छ । मानव सम्बन्धको सिद्धान्तले मानव सम्बन्ध भनेको व्यवस्थापक र कामदारको अन्तर्कियामा निर्भर हुने कुरा उल्लेख गरेको छ । व्यक्ति पनि व्यवस्थापनको एक अंग हो । समुह संचालन, नेतृत्व, उत्प्रेरणा, सहभागिता, संचार, व्यक्तित्व जस्ता मानवीय व्यवहारले व्यवस्थापनलाई सही दिशाबोध गर्दछ ।

यस सिद्धान्तको प्रमुख प्रयोग, फाइदा र महत्वमा संघ संस्था, प्राविधिक र आर्थिक प्रणाली मात्र नभई सामाजिक प्रणाली पनि भएकोले आर्थिक कारणले मात्र उत्प्रेरित हुँदैन मनोवैज्ञानिक, सामाजिक आवश्यकता र चाहनाबाट पनि मानिस उत्प्रेरित हुन्छन् भन्ने हो ।

यस सिद्धान्त अनुसार कुनै पनि संगठनमा आबद्ध सबै सरोकारवालाहरुको सम्बन्ध सुमधुर भएको खण्डमा मात्र यहाँ शान्त र सहज वातावरणमा भई अपनत्व महशुस हुन्छ । विद्यालयमा अभिभावक, शिक्षक र विद्यार्थीको सम्बन्ध घरपरिवारका सदस्यहरु आमाबाबु, छोराछोरी जस्तो हुनु आवश्यक छ । स-साना बालबालिकाहरु घरायसी वातावरणबाट अलग हुने वित्तिकै घरको सम्फनाले पिरोलिएको महशुस हुने भएकोले विद्यालयलाई पनि घर जस्तो तुल्याउनु जरुरी छ । यसो भएको खण्डमा रमाइलो वातावरणमा बालबालिकाहरु शिक्षा लिन सहज महशुस गर्दछन् । साँचो अर्थमा शिक्षण सिकाई प्रभावकारी एवं उपलब्धिमूलक भई विद्यार्थीहरुलाई विद्यालयमा टिकाइ राख्न सकिन्छ ।

यस मानव सम्बन्ध सिद्धान्त अनुसार मानवलाई मानवकै जस्तो व्यवहार गरिनु पर्दछ । मानवलाई संस्थाको कुनै वस्तु वा सम्पतिको रुपमा लिइनु हुँदैन । एकले अर्काको अस्तित्वलाई स्वीकार गरी आफ्नो जिम्मेवारी पुरा गरी आपसमा सुमधुर सम्बन्ध कायम गर्न सकेको खण्डमा संस्थाको उद्देश्यलाई प्रभावकारी रुपमा पुरा गर्न सकिन्छ ।

शैक्षिक संस्थाको लागि प्रधानाध्यापक प्रमुख व्यवस्थापक र प्रशासक दुवै हुन्छ । प्रधानाध्यापक मार्फतनै शैक्षिक संस्थामा साधन स्रोत, प्रक्रिया र परिस्थिति बीच परस्पर सुमधुर सम्बन्ध कायम राख्न समन्वयात्मक कार्य भइरहनु पर्दछ । विद्यालयलाई चाहिने स्रोत, साधनहरु के के हुन ? कसरी र कहाँबाट जुटाउने भन्ने विषयमा आपसी समन्वय हुनु जरुरी छ । विद्यालयका सम्पूण बालबालिकाहरु सँगै बसेर, उनीहरुको नजिक रहेर, उनीहरुको समस्या र आश्यकताहरुको संबोधन गर्न सकेको खण्डमा विद्यार्थीहरुलाई सँधै र सबैलाई विद्यालयमा टिकाइ राख्न सकिन्छ । यसरी मात्र शैक्षिक क्षतिलाई कम गरी बालबालिकाले शैक्षिक विकास गर्न सक्दछन् ।

## २.३. पुनरावलोकनको उपादेयता

यस शोधपत्रको शीर्षकसँग सम्बन्धित साहित्यको अध्ययन तथा सैद्धान्तिक खाकामा उल्लेख गरिएका सिद्धान्तको आधारमा विद्यालयमा विद्यार्थीहरु टिकाउनका लागि सम्बन्धित सरोकारवालाहरुको सामूहिक प्रयास हुन आवश्यक भएको निष्कर्ष निकालिएको छ । प्रभावकारी शिक्षण एवं बालमैत्री शैक्षिक वातावरण सिर्जना गर्न सकेमा शिक्षाको निर्धारित लक्ष्य हासिल गरी डरलाग्दो शैक्षिक क्षतिलाई रोक्न सकिन्छ ।

यस अध्ययनबाट सामुदायिक विद्यालयमा हाल विद्यार्थीहरुको खडेरी लागेको अवस्था छ । यसको कारणहरुको खोजी गर्नको लागि पूर्व सहित्यले सहयोग गरेको छ । यसलाई कसरी न्यूनीकरण गरी विद्यालयमा बालबालिकाको मनोरन्जनात्मक क्रिडास्थलको रुपमा पुनः स्थापित गर्न सकिन्छ र नेपालको साक्षरता प्रतिशत, बेरोजगारी समस्या, अशिक्षा, रोग र भोकबाट नेपाली अलग गर्न सकिन्छ भन्ने कुरामा यस अध्ययनले मद्दत पुऱ्याएको छ ।

यस्तैगरी माध्यमिक तहका विद्यार्थीहरुले बीचैमा विद्यालय छाड्नका कारणहरुको अध्ययन माथि उल्लेखित लेखक, अनुसन्धानकर्ता एवं विद्वान महोदयको बीचौरको आधारमा बीचैमा बालबालिकाहरुले कक्षा छाडिदिनाले पढाइ पुरा नहुने, उत्तीर्णदरमा कमी आउने, बालबालिकाले माथिल्लो अंक ल्याउन नसक्ने र पाठ्यक्रमले निश्चित गरेको उद्देश्यहरु पुरा हुन नसकी विद्यालयले बनाएको शैक्षिक योजनानै भताभुङ्ग हुन जाने भएकोले सिङ्गो शिक्षाको राष्ट्रिय उद्देश्यनमै खलल पुग्न जाने देखिन्छ ।

यस अध्ययनले विद्यालयका सरोकारवालाहरुमा आफ्ना बालबालिका र विद्यालय प्रति चासो बढ्ने, अभिभावकहरुले बालबालिकाहरुलाई नियमित विद्यालय पठाउन प्रयास गर्ने, विद्यालयका प्र.अ., शिक्षक, विद्यालय व्यवस्थापन समितिलाई बीचैमा बालबालिकाले कक्षा छाड्दा हुने शैक्षिक क्षतिका बारेमा थाहा भई यसको सुधारका लागि बढी से बढी ध्यान आकृष्ट हुने भएकोले माथि उल्लेखित विद्वानहरुको लेख रचनाको अध्ययनबाट  रचनात्मक सहयोग पुगेको छ ।

यस अध्ययनले अभिभावकहरुले आफ्ना बालबालिकालाई नियमित रुपमा पठन पाठनमा संलग्न गराई शैक्षिक गुणस्तर वृद्धि गर्न र आफ्ना नानीहरुलाई स्वाबलम्बी सीप एवं दक्षता अभिवृद्धि गर्नमा समेत सहयोग पुग्ने देखिन्छ भने वि.व्य.स.र शिक्षक अभिभावक संघ जस्ता प्रत्यक्ष सरोकारवाला निकायले नियमित अनुगमन निरिक्षण, सल्लाह, सुझाव र सहयोग गरी विद्यालयको बालबालिकाको स्तर, अवस्था, उत्तीर्णदर र कक्षा दोहोऱ्याउने दरको जानकारी हुन गई समयमै नियन्त्रण रेखदेख गर्नमा सहयोग पुग्न सक्ने देखिन्छ ।

यस अध्ययनले बालबालिकाहरुले बीचैमा कक्षा छाड्ने प्रवृतिलाई रोक्ने उपायहरु सुझाउन सहयोग गरेको छ । त्यसैगरी बालबालिकाहरुले कक्षाको बीचैमा किन पढाइ छाड्दछन् ? पढाय छाड्नको मुख्य कारणहरु के के हुन ? जस्ता कारणहरुको खोजी गरी तत्काल समस्या समाधानका उपायहरु प्रस्तुत गर्नु, अनुसन्धान एवं खोजीनीति गर्न विद्यार्थीहरुले कक्षा बीचैमा छाड्नाका मूल कारणहरु के के हुन सक्छन् । त्यसमा कुन तत्वले प्रमुख भूमिका निर्वाह गरेको छ भनी यसको कुन तत्वले प्रमुख भूमिका निर्वाह गरेको छ? भनी यसको गहिराइमा पुग्नमा रचनात्मक सहयोग पुगेको छ ।

यसरी यस अध्ययनले अनुसन्धान गर्नु, लेख रचनाहरु संकलन एवं प्रस्तुत गर्न, समस्या समाधान एवं निराकरणका उपायहरु खोजी गर्ने कार्य गर्न, सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई बाल केन्द्रित शिक्षण गर्नका लागि आवश्यक शैक्षिक पूर्वाधार निर्माण गर्नको साथै अभिभावकहरुलाई जनचेतना जगाइ बीचैमा विद्यालय छाड्ने विद्यार्थीहरुको प्रवृतिलाई रोक्न, दैनिक रुपमा बढ्दै गइरहेको शैक्षिक क्षति न्यूनीकरण गर्नु, पाठ्यक्रम र पाठ्यपुस्तकले निर्धारण गरेको उद्देश्य पुरा नहुने जस्ता समस्याहरु हल गर्न र बीचैमा छाड्ने विद्यार्थीहरुबाट आएका सल्लाह र सुझावलाई आधार मानी भावि दिनहरुमा शैक्षिक सुधारको लागि यो अध्ययनबाट महत्वपूर्ण सहयोग पुगेको छ ।

# परिच्छेद तीनः अध्ययन विधि

अनुसन्धान नमुना भन्नाले प्रयोगात्मक अध्ययनको लागि गरिने व्यवस्थित, तार्किक, आधारभूत तथा संगठित योजना हो । अनुसन्धान कार्यलाई निष्कर्षमा पुऱ्याउन व्यवस्थित अध्ययनको आवश्यकता पर्दछ । वैज्ञानिक विधिहरुको प्रयोग गरी कुनै खास समस्याको योजनाबद्ध अध्ययन गरी नयाँ तथ्यहरु पत्ता लगाउन गरिने खोजमूलक कार्यलाई अनुसन्धान भनिन्छ । अनुसन्धान नयाँ ज्ञान प्राप्त गर्ने व्यवस्थित काम हो । निर्धारित उद्देश्य हासिल गर्न र समस्याको समाधान गर्ने उद्देश्यले गरिने खोजीनै यथार्थमा अनुसन्धान हो । तसर्थ ज्ञान प्राप्त गर्ने माध्यम, समस्या समाधान गर्ने माध्यम तथा तथ्य पत्ता लगाउने माध्यमका रुपमा अनुसन्धानलाई लिन सकिन्छ र यो कार्य क्रमगत, नियन्त्रित तथा व्यवस्थित ढंगले हुन पर्दछ । खोजका लागि सर्वप्रथम समस्यालाई चिन्ने, परिकल्पना गर्ने, तथ्याङ्क संकलन गर्ने एवं विश्लेषण गरी परिणाम पत्ता लगाउन, समस्याको समाधान गर्न आवश्यक सहयोग गर्दछ ।

## ३.१ अनुसन्धान ढाँचा

कुनै पनि अनुसन्धान व्यवस्थित रुपमा गर्नभन्दा अगाडि तयार गरिने योजना र पूर्व निर्धारित स्वरुपलाई नै अनुसन्धानात्मक ढाँचा भनिन्छ ।अनुसन्धान ढाँचा खोजको योजना वा रुपरेखा हो । यसले के विषयमा अनुसन्धान गर्ने, त्यसको उद्देश्य र महत्व के हुन, त्यसका लागि के के प्रमाणको उपयोग गर्ने, प्रमाणहरु कहाँबाट प्राप्त गर्ने, त्यसलाई कसरी व्यवस्थित गर्ने, कुन रुपमा व्याख्या र विश्लेषण गर्ने, सिद्धान्त निर्माण गर्ने वा नगर्ने आदि जस्ता विषयवस्तुका बारेमा प्रकाश पार्ने गर्दछ ।

यो शोधकार्य पुरा गर्नका लागि शोधकर्ताले बनाउने अनुसन्धानको पूर्वनिर्धारित स्वरुप हो जसको आधारमा अनुसन्धान कार्यलाई अगाडी बढाइन्छ । माध्यमिक तहका विद्यार्थीहरुमा विद्यालय बीचैमा छाड्ने प्रवृतिलाई अध्ययन गर्न परिमाणात्मक र गुणात्मक दुबै ढाँचा अपनाइएको छ । अध्ययन क्षेत्रका विद्यार्थीहरुको कुल विद्यार्थी संख्या, परीक्षामा सहभागी संख्या,

बीचैमा विद्यालय छाड्ने संख्यालाई तथ्याङ्कको रुपमा संकलन गरी संख्यात्मक रुपमा अध्ययन गर्न परिमाणत्मक अनुसन्धान ढाँचा र बीचैमा विद्यालय छाड्ने कारणहरुको सम्बन्धमा सूचना दाताहरुबाट सूचना संकलनगरी व्याख्या विश्लेषण गर्न गुणात्मक अनुसन्धान ढाँचा अपनाइएको हो ।

## ३.२ जनसङख्या तथा नमुना छनोट

नेपालका तत्कालिन ७५ जिल्लामध्ये पूर्वि नेपालको इलाम जिल्लालाई नमुनाको रुपमा लिइएको छ । यसै गरि इलाम जिल्लामा रहेका माध्यमिक तम अध्यापन हुने ८७ ओटा सामुदायिक माध्यमिक विद्यालय मध्ये तत्कालिन चुलाचुली गा.वि.स.मा रहेका ६ ओटा माध्यमिक विद्यालयलाई सम्भाब्य नमुना छनौटको प्रकृयाबाट नमुनाको रुपमा छनौट गरिएको छ । यस अध्ययन कार्यलाई पूर्णता दिनको लागि अध्ययन क्षेत्रमा पुगेर ६ जना प्रधानाध्यापकहरुलाई उद्देश्य मूलक नमुना छनौटको आधारमा नमुनाको रुपमा छनौट गरिएको छ । चुलाचुलीका ६ ओटा माध्यमिक विद्यालयमा अध्ययन गराईरहेका २८ शिक्षकहरु मध्येबाट सम्भाव्य नमुना छनौटको आधारमा १० जनालाई नमुनाको रुपमा छनौट गरिएको छ । त्यसैगरि बीचैमा विद्यालय छोडेर बसेका ७६ जना विद्यार्थीहरु र ७६ जना अभिभावकहरुबाट सम्भाव्य नमुना छनौटको आधारमा २१/२१ जनालाई नमुनाको रुपमा लिइएको छ । हरेक विद्यालयका १/१ जना विद्यालय व्यवस्थापन समिति अध्यक्षहरु र चुलाचुली स्रोतकेन्द्रका १ जना स्रोत व्यक्तिलाई उद्देश्य मूलक नमुना छनौटको आधारमा नमुना नमुनाको रुपमा छनौट गरिएको छ । यसरी जनसंख्याको नमुना छनौट गर्नका लागि उद्देश्य मूलक र सम्भाव्य नमुना छनौटको आधारमा कूल १८० जना मध्येबाट ६५ जनालाई नमुनाको रुपमा लिएर अनुसन्धान अगाडि बढाइएको छ । भौगोलिक र व्यवहारिक दृष्टिले यी विधिहरुनै उपयुक्त भएकाले नमुनाको छनौटमा यी विधिहरुको प्रयोग गरिएको थियो ।

## ३.३ तथ्याङ्कका स्रोतहरु

अध्ययनकार्यलाई पूर्णता दिन जहाँबाट तथ्याङ्क प्राप्त गरिन्छ त्यसलाई तथ्याङ्कको स्रोत

मानिन्छ । अनुसन्धानको प्रकृति अनुसार तथ्याङ्क प्राप्त हुने स्रोतहरु भिन्न भिन्न हुन सक्दछन् । यस अध्ययनकार्यलाई पूर्णता दिनका लागि आवश्यक पर्ने सूचना तथा तथ्याङ्क सङकलन स्थलगत सर्वेक्षणद्वारा प्राप्त प्राथमिक तथ्याङ्क र विद्यालयको अभिलेख, स्रोत केन्द्रको अभिलेख, जि.शि.का.को अभिलेख, बुलेटिन र राष्ट्रिय तथ्याङ्क जस्ता सहायक स्रोत दुवै स्रोतहरुको उपयोग गरिएको थियो ।

### ३.३.१ प्राथमिक स्रोत

अध्ययनकर्ताले आफ्नो अध्ययन कार्यलाई पूर्णता दिनका लागि स्थलगत सर्वेक्षणबाट प्राप्त गरेको तथ्याङ्क नै प्राथमिक तथ्याङ्क हो । जसको प्रयोग शोधकर्ता आफैले पहिलोपटक गरेको हुन्छ ।यस अध्ययनका लागि आवश्यक पर्ने प्राथमिक तथ्याङ्कहरु प्र.अ., शिक्षक शिक्षिका, वि.व्य.स.अध्यक्ष, स्रोत व्यक्ति, कक्षा बीचैमा छाड्ने विद्यार्थीहरु र उनीहरुका अभिभावकहरुमा विद्यालय अवलोकन फारम, प्रश्नावली, समुह छलफल, व्यक्तिगत भेटघाट आदि साधन प्रयोग गरी सङकलन गरिएको थियो ।

### ३.३.२ सहायक स्रोत

अरु व्यक्तिहरुवाट संकलित तथ्याङ्कलाई सहायक वा द्धितीय तथ्याङ्क भनिन्छ ।यस अध्ययन कार्यको शीर्षकसँग मिल्दा लेख, रचना, छनौटमा परेका विद्यालय सुधार योजना (SIP), विद्यालयका अभिलेखहरु, अन्य चार्टहरु, तालिका, हाजिरी वही, जि.शि.का.बाट प्राप्त तथ्याङकहरु, बुलेटिनहरु, प्रकाशित, तथा अप्रकाशित लेख रचनाहरु, अध्ययन अनुसन्धान प्रतिवेदनहरु, शोधपत्रहरु, अवस्था अध्ययन आदि स्रोतहरुको माध्यमबाट थप तथ्याङक संकलन गरिएको थियो ।

## ३.४अध्ययनका साधनहरु

यो अध्ययन गुणात्मक अध्ययन विधिमा आधरित छ । गुणात्मक र परिमाणात्मक दुवै रुपमा तथ्याङ्क संकलन गरी प्राप्त तथ्याङ्क वर्णानात्मक रुपमा प्रस्तुत गरिएको छ । अनुसन्धानका लागि विषय विशेषज्ञको परामर्श सहित यस अनुसन्धान प्रयोजनका लागि छनोट भएको नमुना जनसङख्या सूचना तथा तथ्याङ्क संकलन गर्न, अनुसन्धानको प्रकृति र स्वरुप अनुसार तथ्याङ्क संकलनका साधनहरु निर्माण गरी प्रयोगमा ल्याइएको थियो । यस अध्ययन कार्यलाई अघि बढाइ पूर्णता दिन नमुना जनसङख्याबाट प्रतिक्रिया सङकलन गर्ने सन्दर्भमा अध्ययनकर्ताले अवलोकन, अर्न्तवार्ता प्रश्नावली, लक्षित समुह छलफल जस्ता तथ्याङ्क सङकलनका साधनहरुको प्रयोग गरिएको थियो । नमुना प्रश्नावली अनुसूचीमा राखिएको छ ।

### ३.४.१ प्रश्नावली

प्रश्नावली सञ्चार आदानप्रदान वा अर्न्तक्रियाको त्यो विधि हो जसमा उत्तरदाताले लिखित रुपमा प्रश्नकर्ताले उपलब्ध गराएको फाराममा आवश्यक जानकारी दिने गर्दछ । माध्यमिक तहको शिक्षा पुरा नगरी बीचैमा विद्यालय छाडिनका कारणहरु बुझ्न नमुना विद्यालयको प्र.अ., शिक्षक शिक्षिकाहरु, बीचैमा विद्यालय छाड्ने विद्यार्थीहरु, उनीहरुका अभिभावकहरुको धारणाका लागि खुल्ला अन्तवार्ता प्रश्नावली बनाइएको थियो । सोहि प्रश्नावली अनुसार नमुनाको रुपमा छनौटमा परेका विद्यार्थी र तिनका अभिभावकहरुको विचारलाई बुझ्न उनिहरुको घरमै पुगेर विद्यार्थीलाई छुट्टै र अभिभावकलाई छुट्टै भेटेर प्रश्नावली भराइएको थियो । त्यसैगरि विद्यालयका प्रधानाध्यापक, शिक्षकहरुलाई प्रत्येक विद्यालयमै पुगेर प्रश्नावली भराउने काम भएको थियो । सोहीअनुरुप प्रश्नावली छुट्टाछुट्टै भराइएको थियो । सूचना संकलन गर्न प्रत्येक उत्तरदाताहरुको लागि बताइएको प्रश्नावली अनुसूची १ २, ३, ४, ५ र ६  मा उल्लेख गरिएका छन् ।

### ३.४.२ विद्यालय अवलोकन तथा सर्भेक्षण फारम

अध्ययन क्षेत्रको वास्तविक र यथार्थता बुझ्नको लागि अध्ययनकर्ता स्वयं विद्यालय विद्यालयमा उपस्थित भएर त्यहाँको शैक्षिक, भौतिक, सामाजिक, सांस्कृतिक, कक्षाकोठा व्यवस्थापनको प्रत्यक्ष अवलोकन गरी जानकारी लिन तालिकाहरुको प्रयोग गरिएको थियो । विद्यालय बीचैमा छाड्ने विद्यार्थीहरुको नामावली र उनीहरुको अभिभावकहरुको विवरण सङकलन गर्न र विद्यालयको भौतिक अवस्था अध्ययन गर्न अवलोकन तथा  सर्वेक्षण फारम प्रयोग गरिएको थियो । यो फारम अनुसूची १० र ११ मा राखिएको छ ।

### ३.४.३ लक्षित समुह छलफल

सामूहिक रुपमा सरोकारवालाहरुको समुहमा अध्ययनकर्ताले छलफल गरी उनीहरुको धारणा एवं अभिमत सङकलन गर्ने विधिनै समुह छलफल हो । यस अध्ययन कार्यलाई पूर्णता दिनका लागि नमुना छनोटमा परेका विद्यालयका कक्षा बीचैमा छाड्नका कारण स्पष्ट पार्नका लागि शिक्षक शिक्षिका, प्र.अ.,अभिभावक र विद्यार्थीहरुको समुह निर्माण गरी  प्रश्नावलीका आधारमा संकलित तथ्याङ्क सम्बन्धमा समुहगत छलफल गरिएको थियो । छलफल निर्देशिका अनुसूची ७ मा राखिएको छ । त्यसै गरेर अनुसन्धानको लागि छनौट परेका विद्यार्थी र अभिभावकहरुको विवरणलाई अनुसूची ८ मा र छनौटमा परेका शिक्षक, प्र.अ. र वि.व्य.स. अध्यक्षहरुको विवरणलाई अनुसूची ९ मा राखिएको छ ।

## ३.५ तथ्याङ्क र सूचना संकलन प्रक्रिया

यो अध्ययन कार्यलाई पूर्णता दिनका लागि अध्ययनकर्ता स्वयम तथ्याङ्क र सूचना सङकलन गर्नका लागि तयार गरिएका विभिन्न किसिमका साधनहरु लिएर छनोटमा परेको स्थान इलाम जिल्लाको चुलाचुली गा.वि.स.क्षेत्र भित्रका माध्यमिक तह कक्षा ९ र १० पठनपाठन हुने विद्यालयका बालबालिकाहरु आफूले अध्ययन गरेको कक्षा पुरा नगरी बीचैमा विद्यालय छाड्ने

छात्रछात्राहरुको अध्ययन एवं लेखाजोखा गर्ने क्रममा कक्षागत विवरण, हाजिरी रजिष्टर एवं विविध तथ्याङ्क (शैक्षिक सत्र २०७०, २०७१ र २०७२) को संकलन गरिएको छ ।

तथ्याङ्क तथा सूचना संकलनको क्रममा नमुना छनोटमा परेका विद्यालयमा मोटर साइकलको प्रयोग गरेर शोधकर्ता स्वयम् पुगेर बालबालिकाहरुको भर्ना संख्या, परिक्षामा सम्मिलित सङ्ख्या, कक्षा छाड्ने विद्यार्थीहरुको संख्या आदि तथ्याङ्कको संकलन गरिएको छ । त्यस्तै गरी बीचैमा विद्यालय छाडी घरमा बसेका बालबालिकाहरुको घरघरमा र काम गरिरहेको खेत बारीमा समेत यातायात पुग्न सक्ने ठाँउमा मोटर साइकल मार्फत र नपुग्ने ठाँउमा पैदलनै पुगेर पनि उनिहरुसँग छलफल गर्दै सुक्ष्म अध्ययन अवलोकन समेत गरिएको थियो ।

उपर्युक्त विभिन्न विधिबाट प्राथमिक सूचना तथा तथ्याङ्क संकलन गरिएको थियो भने विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्था तथा आयोगका प्रतिवेदन, सुझावहरु र बुलेटिनहरु क्याम्पसको पुस्तकालयबाट र विद्यालयको पुस्तकालयबाट लिएर पत्रपत्रिकाहरु, विषयसँग मिल्दा प्रकाशित तथा अप्रकाशित लेख रचनाहरु, शोधपत्रहरु र पुस्तकहरु क्याम्पसको पुस्तकालयबाट लिएर त्यसै गरी विद्यालयका अभिलेखहरु, चार्टहरु,फ्लास १ र फ्लास २ तथ्याङ्कहरु, विद्यालय सूधार योजना आदि प्रत्येक विद्यालयको प्रशासन शाखाबाट लिएर पनि सहायक सूचना तथा तथ्याङ्कहरु संकलन गरिएको छ ।

## ३.६ तथ्याङ्कको विश्लेषण प्रक्रिया

सूचना तथा तथ्याङ्क संकलनका विभिन्न साधनहरु प्रयोग गरी तथ्याङ्कलाई तालिकामा चरणबद्ध रुपमा प्रस्तुत गरिएको छ । तालिकामा प्रस्तुत सूचना तथा तथ्याङ्कलाई गुणात्मक विधिद्वारा व्याख्या विश्लेषण गरिएको थियो । बीचैमा कक्षा छाड्ने विद्यार्थीहरुको विद्यालयको भौतिक अवस्था, शैक्षिक अवस्था, आर्थिक अवस्था, वातावरणीय अवस्था, सांस्कृतिक अवस्थाहरुको प्राप्त सूचनाहरुलाई व्याख्या विश्लेषण गरिएको छ । प्राप्त सूचना तथा तथ्याङ्कलाई सम्बन्धित पक्षहरुसँग बसी छलफल गरेर व्याख्या र विश्लेषण गरी उक्त सूचना तथा तथ्याङ्कको वैधता र

विश्‍वसनीयताका सम्बन्धमा विज्ञहरुसँग पनि छलफल गरी विश्लेषण गरिएको थियो । सर्वेक्षणबाट प्राप्त कोरा तथ्याङ्कहरु आफै कुनै पनि प्रकारको जानकारी दिदैनन् । जब कोरा तथ्याङ्कलाई तालिकाबद्ध गरी प्रशोधन गरिन्छ तब मात्र कुनै निश्‍चित विषयमा केही न केही जानकारी दिन सक्दछ । आवश्यक पर्ने सूचना तथा तथ्याङ्कहरुलाई अध्ययनको विषयवस्तुसँग क्रमशः मिलाउदै क्रमिक रुपमा तालिकामा प्रस्तुत गरी प्रशोधन गरी विश्लेषण गरिएको थियो । त्यसपछि आवश्यकता अनुसार संख्यात्मक र गुणात्मक विश्लेषण गरी प्राप्तिका आधारमा निष्कर्ष तर्फ अगाडि बढाइएको छ ।

# परिच्छेद चारः नतिजाको विश्लेषण

यस भागमा सरोकारवालाहरुसँग गरिएको अनुसन्धान, प्रश्नोत्तर, छलफल, अवलोकन तथा भेटघाट आदिबाट प्राप्त विवरणको प्राथमिक सूचना तथा तथ्याङ्क र विभिन्न पत्रपत्रिका, लेख, रचना, प्रकाशित तथा अप्रकाशित ग्रन्थहरु आदिबाट प्राप्त सहायक सूचना तथा तथ्याङ्कलाई कमबद्ध र चरणबद्ध रुपमा प्रस्तुत गरी व्याख्या र विश्लेषण गर्ने कार्यलाई अध्ययन अनुसन्धानको मेरुदण्डको रुपमा लिइन्छ । प्राप्त सूचना तथा तथ्याङ्कको व्याख्या र विश्लेषण विना अध्ययन कार्य अधुरो हुने हुँदा सूचना तथा तथ्याङ्कको व्याख्या र विश्लेषणलाई अनुसन्धानको मुटुनै मानिन्छ । प्राप्त सूचना तथा तथ्याङ्कहरुको व्याख्या, विश्लेषण बिना अध्ययन कार्य अर्थहीन हुने गर्दछ । तसर्थ सूचना तथा तथ्याङ्कको व्याख्या र विश्लेषण अनुसन्धानको प्रमुख कार्य हो ।

माध्यमिक तहको शिक्षा पुरा नगरी बीचैमा विद्यालय छाड्नुका कारणहरु पत्ता लगाई त्यस्तो बीचैमा विद्यालय छाड्ने प्रवृत्ति हटाउन विद्यालयले चालेका कदमहरुको खोजिगरी बीचैमा विद्यालय छाड्ने प्रबृति हटाउने उपायहरु पत्ता लगाउने सन्दर्भमा इलाम जिल्लाको चुलाचुली गा.वि.स.क्षेत्रलाई छानिएको थियो । यस क्षेत्र भित्र माध्यमिक तह अध्ययन अध्यापन हुने ६ वटा सार्वजनिक विद्यालयलाई समावेश गरिएको थियो ।

सम्बन्धित विद्यालयको अभिलेख, स्रोतकेन्द्र, जि.शि.का.इलामबाट प्राप्त जानकारीहरु, बुलेटिन, तथ्याङ्कहरु, सम्बन्धित विद्यालयका प्र.अ.तथा शिक्षक शिक्षिकाहरु, विद्यालय बीचैमा छाडेर बसेका विद्यार्थीहरु र उनीहरुका अभिभावकहरुले दिएका जानकारीहरु, वि.व्य.स.अध्यक्षहरु, स्रोत व्यक्तिसँग अन्तवार्ता प्रश्नावली, छलफल, अवलोकन, स्थलगत सर्वेक्षणबाट प्राप्त हुन आएका सूचना तथा तथ्याङ्कलाई कमबद्ध रुपमा तालिकीकरण गरी चरणबद्ध रुपमा व्याख्या, विश्लेषण र प्रस्तुतिकरण गरिएको थियो । यो अध्ययन अनुसन्धान परिमाणत्मक र गुणात्मक भएकोले प्राप्त सूचना तथा तथ्याङ्कको व्याख्या एवं विश्लेषण मूलत गुणात्मक पद्धतिबाट गरिएको छ भने प्राप्त तथ्याङ्हरुलाई परिमाणात्क रुपमा तालिकीकरण गरेर प्रस्तुत गरिएको छ ।

यस परिच्छेदमा तत्कालिन इलाम जिल्ला चुलाचुली गा.वि.स. क्षेत्र भित्रका माध्यमिक तह अध्ययन अध्यापन हुने ६ वटै सामुदायिक विद्यालयहरुमा शैक्षिक कियाकलापको अध्ययन, विद्यार्थी सहभागिताको स्थिति खोजी गर्ने, विद्यार्थीहरुले बीचैमा कक्षा छाड्नुका कारणहरु र न्यूनीकरणका उपायहरुको स्थलगत सर्वेक्षण एवं विषयसँग सम्बन्धित पत्रपत्रिका, लेख रचना, शोधपत्र, प्रकाशित तथा अप्रकाशित कृतिहरुबाट प्राप्त तथ्याङ्क एवं विभिन्न संघसंस्थाको तथ्याङ्कहरुको सहायता लिइएको थियो । स्थलगत सर्वेक्षणमा माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थीहरुले बीचैमा विद्यालय छाड्ने प्रवृतिको सम्बन्धमा प्राप्त तथ्याङ्कलाई निम्न शीर्षक अर्न्तगत रहेर अध्ययन गरिएको थियो ।

## ४.१ सामुदायिक माध्यमिक विद्यालयमा विद्यार्थी सहभागिताको अवस्था

नेपालको शैक्षिक क्षेत्रको सबैभन्दा कहाली लाग्दो अवस्था नै सामुदायिक विद्यालयमा विद्यार्थीहरुको न्यून सहभागिता हो । नेपालका धेरै जिल्लाहरुमा विद्यार्थी संख्या शुन्य भएकोले प्राथमिक विद्यालयहरु त धमाधम गाभिदै गएको पाइन्छ । यस क्रममा इलाम जिल्लाका धेरै प्राथमिक विद्यालयमा विद्यार्थी संख्या शुन्य भएकोले दुई वा दुई भन्दा बढी विद्यालयहरु गाभिएको अवस्था छ । अझ धेरै विद्यालयहरुमा विद्यार्थी संख्या न्यून हुँदै गएकोले पनि विद्यालयहरु मर्ज गर्दै जानु पर्ने अवस्था सिर्जना भएको छ भने नचाहिदो प्रतिस्पर्धा गरी वाडै पिच्छे माध्यमिक विद्यालय बनाउने होडले पनि समस्या सिर्जना गरेको पाइयो । खासगरी इलाम जिल्लाको दक्षिणी सिमानामा अवस्थित विद्यालयमा भर्ना भएका विद्यार्थीहरु योग्य विषय शिक्षकको अभाव, विद्यालयको भौतिक संरचना अनाकर्षण र शैक्षिक गतिविधिको सुस्तताका कारण नजिकै रहेको झापा जिल्लाको सुविधा सम्पन्न दमक नगर पालिकाका सुविधा सम्पन्न निजी विद्यालयहरुमा राम्रो शिक्षण सिकाइ भएकोले उतैतिर आफ्ना बालबालिकाहरुलाई भर्ना गरिदिने अभिभावकको सोचका कारण पनि प्रा.वि. तर्फ ज्यादै न्यून संख्या भए पनि मा.वि. तर्फ विद्यार्थी संख्या पर्याप्तनै रहेको पाइयो । यस क्रममा वर्तमान विद्यार्थी भर्ना, परीक्षामा सम्मिलित विद्यार्थी सङख्या र कक्षा छाड्ने विद्यार्थी संख्या निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ४.१.१ विद्यार्थी सहभागिताको अवस्था

यस अध्ययन क्षेत्रका माध्यमिक तह तर्फ विद्यार्थी सहभागिता अन्तर्गत विद्यार्थी भर्ना, परीक्षामा सम्मिलित विद्यार्थी संख्या र बीचैमा विद्यालय छाड्ने विद्यार्थी संख्याको तथ्याङ्कलाई विश्लेषण गरिएको छ । नमुना छनौटमा परेका छ ओटा विद्यालयको कक्षा ९ र १० का विद्यार्थीहरुको शैक्षिक सत्र २०७१ र २०७२ को एकमुष्ट तथ्याङ्क तुलना गरिएको छ । प्राप्त तथ्याङ्कलाई परिमाणत्मक रुपमा सर्वप्रथम तालिकामा प्रस्तुत गरेर अध्ययन क्षेत्रको विद्यार्थी सहभागितालाई सहजै बुझिने गरी देखाइएको छ ।

**तालिका १ जम्मा विद्यार्थी भर्ना, परीक्षामा सम्मिलित संख्या र बीचैमा कक्षा छाड्ने संख्या(२०७१)**

| | जम्मा विद्यार्थी भर्ना | | | परीक्षामा सम्मिलित संख्या | | | कक्षा बीचैमा छाड्ने संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **कक्षा** | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| ९ | २०५ | १३५ | ३४० | १९५ | १३० | ३२५ | १० | ५ | १५ |
| १० | १६५ | १०१ | २६६ | १५८ | ९४ | २५२ | ७ | ७ | १४ |
| जम्मा | ३७० | २३६ | ६०६ | ३५३ | २२४ | ५७७ | १७ | १२ | २९ |

स्रोतः विद्यालयअभिलेख, २०७१

**तालिका २ जम्मा विद्यार्थी भर्ना, परीक्षामा सम्मिलित संख्या र बीचैमा कक्षा छाड्ने संख्या(२०७२)**

| | जम्मा विद्यार्थी भर्ना | | | परीक्षामा सम्मिलित संख्या | | | कक्षा बीचैमा छाड्ने संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **कक्षा** | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| ९ | १७० | १६५ | ३३५ | १६१ | १६० | २२१ | ९ | ५ | १४ |
| १० | १७५ | १२५ | ३०० | १६४ | ११८ | २८२ | ११ | ७ | १८ |
| जम्मा | ३४५ | १९० | ६३५ | ३२५ | २७८ | ५०३ | २० | १२ | ३२ |

स्रोतः विद्यालयअभिलेख, २०७२

माथिको तालिकाबाट के स्पष्ट हुन्छ भने शैक्षिक सत्र २०७१ मा सबै वीचैमा छाडने संख्या कक्षा ९ मा कक्षा १० भन्दा १ जना बढि देखिन्छ भने शैक्षिक सत्र २०७२ मा कक्षा ९ मा भन्दा कक्षा १० मा ४ जना बढिले बीचैमा कक्षा छाडेको पाइयो ।

यस अध्ययन क्षेत्रको विद्यार्थी भर्ना, परीक्षामा सम्मिलित र कक्षा छाडनेहरुको अध्ययन गरी शैक्षिक सत्र २०७१ र शैक्षिक सत्र २०७२ मा कक्षा बीचैमा छाडने विद्यार्थी संख्या झन बढ्दो क्रममा छ यसबाट के देखिन्छ भने प्र.अ. शिक्षक, शिक्षिका, विद्यार्थी, अभिभावक र अन्य सरोकारवारवालाहरु बीचको मानव सम्बन्ध क्रमशः सुधारोउन्मुख देखिनु पर्नेमा अझ गिर्दो अवस्थामा पुगेको देखिन्छ ।

### ४.१.१.१ विद्यार्थी भर्ना विवरण

**तालिका ३ विद्यार्थी भर्ना विवरण**

| कक्षा | शैक्षिक सत्र २०७१ | | | | | शैक्षिक सत्र २०७२ | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | | छात्र | | | छात्रा | | छात्र | | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | जम्मा | संख्या | प्रतिशत | संख्या | प्रतिशत | जम्मा |
| ९ | २०५ | ६२.२९ | १३५ | ३९.७० | ३४० | १७० | ५०.७४ | १६५ | ४९.२५३ | ३३५ |
| १० | १६५ | ६२.०३ | १०१ | ३७.९७ | २६६ | १७५ | ५८.३३ | १२५ | ४१.६६ | ३०० |
| जम्मा | ३७० | ६१.०५६ | २३६ | ३८.९४ | ६०६ | ३४५ | ५४.३३ | २९० | ४५.६६ | ६३५ |

स्रोतः विद्यालय अभिलेख २०७१/०७२

अध्ययन क्षेत्रमा २०७१ मा कक्षा ९ मा छात्रा २०५ जना र छात्र १३५ गरी ३४० जना, कक्षा १० मा छात्रा १६५ जना र छात्र १०१ गरी २६६ जना, जम्मा ६०६ जना त्यसैगरी शैक्षिक सत्र २०७२ मा कक्षा ९ मा छात्रा १७० जना, छात्र १६५जना गरी ३३५ जना र कक्षा १० मा छात्रा १७५ र छात्र १२५ गरी ३०० जना रहेको पाइयो ।

### ४.१.१.२.कक्षा चढ्ने विद्यार्थी विवरण

माध्यमिक तहमा भर्ना भएका सबै विद्यार्थीहरु कक्षा चढदैन्न् वा माध्यमिक तह पार गर्दैनन् । यस अध्ययनलाई पूर्णता दिनको लागि अध्ययनको क्रममा विभिन्न विद्यालयहरुमा पुग्दा केहि निस्चित संख्यामा मात्रै विद्यार्थीहरु माथिल्लो कक्षामा चढ्ने गरेको पाइयो । यसरी अध्ययनको क्रममा पाइएका तथ्याङ्कलाई स्पष्ट पार्नको लागि शैक्षिक सत्र २०७१ र शैक्षिक सत्र २०७२ को तथ्याङ्क संकलन गरी प्राप्त तथ्याङ्कलाई तुलनात्मक रुपमा प्रस्तुत गर्नको लागि तालिकीकरण गरी त्यसको विश्लेषण गरिएको छ ।

तालिका ४ कक्षा चढ्ने विद्यार्थी विवरण

| कक्षा | शैक्षिक सत्र २०७१ | | | | | शैक्षिक सत्र २०७२ | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | | छात्र | | जम्मा | छात्रा | | छात्र | | जम्मा |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| ९ | ११७ | ५६.८९ | ७८ | ५८.०६ | १९५ | १०३ | ६०.७१ | १२८ | ७७.४१ | २३१ |
| १० | १२४ | ७५ | ७० | ६९ | १९४ | १३५ | ७७.२७ | १८७ | ८९.२८ | ३२२ |
| जम्मा | २४१ | | १४८ | | ३८९ | २३८ | | ३१५ | | ५५३ |

स्रोतः विद्यालय अभिलेख २०७१/०७२

शैक्षिक सत्र २०७१ मा चुलाचुली गा.वि.स. भित्र कक्षा ९ र १० मा क्रमशः छात्रा ५६.८९% र छात्र ५८.०६%, छात्रा ७५% र छात्र ६९% रहेको छ त्यसै गरी शैक्षिक सत्र २०७२ मा कक्षा ९ मा ६०.७१ प्रतिशत छात्रा र ७७.४१ प्रतिशत छात्र, कक्षा १०मा७७.२७ प्रतिशत छात्रा र ८९.२८ प्रतिशत छात्र रहेको पाइयो । प्राप्त तथ्याङ्कका आधारमा हेर्दा वि.स. २०७१ भन्दा शैक्षिक सत्र २०७२ मा ८९ जना बढि संख्यामा विद्यार्थी उत्तिर्ण भएको पाइयो । तथापी छात्रको तुलनामा छात्राको संख्या घटेको पाइयो ।

यसबाट के स्पष्ट हुन्छ भने अध्ययन क्षेत्रमा माध्यमिक तह संचालित विद्यालयमा विद्यार्थी, शिक्षक प्र. अ., अभिभावक  र अन्य सरोकारवारवालाहरु बीचको मानव सम्बन्ध राम्रो भएमा विद्यार्थीहरु र अभिभावकहरु शैक्षिक सवालमा चनाखो भई धेरै विद्यार्थीहरु परीक्षामा सम्मिलित हुने र कक्षा चढने सम्भावना रहने बुझियो ।

### ४.१.१.३.कक्षा दोहोऱ्याउने विद्यार्थीहरु

भर्ना भएका सबै विद्यार्थीहरु कक्षामा उतीर्ण हुदैनन् । केही विद्यार्थि अनुतीर्ण हुनुका साथै उतीर्ण भए पनि कक्षामा उत्कृष्ट हुनुका लागि सोही कक्षामा दोहऱ्याउने प्रवृति रहेको पाईयो । अध्ययन क्षेत्रमा शैक्षिक सत्र २०७१ र २०७२ को अवस्था निम्नानुसार तालिकामा देखाइएको छ ।

तालिका ५ कक्षा दोहोऱ्यनउने विद्यार्थी विवरण

| कक्षा | शैक्षिक सत्र २०७१ | | | | | शैक्षिक सत्र २०७२ | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | | छात्र | | | छात्रा | | छात्र | | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | जम्मा | संख्या | प्रतिशत | संख्या | प्रतिशत | जम्मा |
| ९ | ७५ | ३६.८५ | ५१ | ३७.७७ | १२६ | ५३ | ३१.१७ | ३० | १८.१८ | ८३ |
| १० | ३५ | २१.२१ | २५ | २४.७५ | ६० | २० | ११.४२ | १० | ८ | ३० |
| जम्मा | ११० | | ७६ | | १८६ | ७३ | | ४० | | ११३ |

स्रोतः विद्यालय अभिलेख २०७१/०७२

माथिको तालिकाबाट के स्पष्ट हुन्छ भने कक्षा ९ मा छात्रा भन्दा छात्रको संख्या धेरै कक्षा दोहोऱ्याउने रहेको पाइयो । जम्मा भर्ना भएका छात्रा मध्ये ३६.८५ प्रतिशत छात्रा र ३७.७७ प्रतिशत छात्रले कक्षा दोहोऱ्याएको पाइयो भने कक्षा ९ को तुलनामा कक्षा १० मा थोरै विद्यार्थीले कक्षा दोहोऱ्याएको पाइयो । कक्षा १० मा जम्मा भर्ना भएका विद्यार्थी मध्ये ११.४२

प्रतिशत छात्रा र ८ प्रतिशत छात्रले कक्षा दोहोऱ्याएको पाइयो । छात्राको तुलनामा छात्रको संख्या थोरै कक्षा दोहोऱ्याएको पाइयो ।

## ४.१.२. बीचैमा विद्यालय छाडने विद्यार्थी विवरण

निम्न माध्यमिक तह जेनतेन पुरा गरे पनि माध्यमिक तहमा भर्ना भएका सबै विद्यार्थीहरुले आफ्नो तहको शिक्षा पुरा गर्न सक्दैनन् । उनीहरुले आफ्नो तहको शिक्षा विभिन्न कारणले गार्दा पुरा गर्न नसकि बीचैमा विद्यालय छाडेका हुन्छन । यसरी चुलाचुली गा.वि.स. क्षेत्रमा रहेका विद्यालयहरुमा कक्षागत रुपमा छात्रछात्रहरुले विद्यालय छाडने विद्यार्थी विवरणलाई शैक्षिक सत्र २०७१ र २०७२ को तथ्याङ्कलाई तुलनात्मक रुपमा निम्नअनुसार तालिकाबाट प्रष्ट पार्न सकिन्छ ।

तालिका ६ बीचैमा कक्षा छाड्ने विद्यार्थी (२०७१)

| कक्षा | शैक्षिक सत्र २०७१ | | | | | शैक्षिक सत्र २०७२ | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | | छात्र | | जम्मा | छात्रा | | छात्र | | जम्मा |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| ९ | १३ | ७.३४ | ६ | ४.४४ | १९ | १४ | ८.२३ | ४ | २.४२ | १८ |
| १० | ६ | ३.६३ | ६ | ५.९४ | १२ | २० | ११.४२ | ३ | २.४ | २३ |
| जम्मा | ११० | | ७६ | | १८६ | ७३ | | ४० | | ११३ |

स्रोतः विद्यालय अभिलेख २०७१/०७२

माथिको तालिकामा प्रस्तुत गरिएको तथ्याङ्कका आधारमा हेर्दा शैक्षिक सत्र २०७१ मा कक्षा ९ मा १३ जना छात्रा र ६ जना छात्रहरुले आफ्नो अध्ययन पुरा नगरी बीचैमा विद्यालय छाडेको पाइयो भने कक्षा १० मा ६ जना छात्रा र ५ जना छात्रले विद्यालय छाडेको पाइयो । तुलनात्मक रुप कक्षा ९ मा भन्दा कक्षा १० मा विद्यालय छाड्ने घटेको पाइयो । छात्रको तुलनामा धेरै छात्राहरुले बीचैमा विद्यालय छाडेको पाइयो । त्यसै गरी शैक्षिक सत्र २०७२ को तथ्याङ्कलाई विश्लेषण गर्दा कक्षा ९ मा भन्दा कक्षा १० मा बीचैमा विद्यालय छाड्ने छात्राको संख्या बढेको

पाइयो भने छात्रको संख्या घटेको पाइयो । शैक्षिक सत्र २०७१ को तुलनामा शैक्षिक सत्र २०७२ मा छात्राहरु बीचैमा विद्यालय छाड्ने बढेको पाइयो भने छात्रहरु घटेको पाइयो । यस्तो हुनमा केटीहरुमा उमेर नपुगी विवाह गर्ने चलनले व्यापकता पाएको देखिन्छ

यस अध्ययनबाट अध्ययन क्षेत्रमा मानव सम्बन्ध सिद्धान्त बमोजिम सरोकारवालाको आपसी सल्लाह र परामर्शबाट शिक्षण सिकाई कार्य सम्पन्न गर्न सकिएको खण्डमा अरु विद्यार्थीहरुलाई कक्षा नछाडने प्रवृति तर्फ उन्मुख गराउन सकिने देखिन्छ ।

### ४.१.३.शैक्षिक सत्र २०७२ मा बीचैमा कक्षा छाडने विद्यार्थीको आकार र विद्यालय संख्या

कुन कुन विद्यालयमा कति कतिको संख्यामा विद्यार्थीले विद्यालय छाडे भन्ने बुझ्नको लागि शैक्षिक सत्र २०७२ को सम्पूर्ण विद्यालयको तथ्याङ्कलाई हेरेर त्यसको आकार निर्धारण गरिएको छ । यसबाट प्राप्त तथ्याङ्कलाई स्पष्ट पार्न तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ ।

**तालिका :७ शैक्षिक सत्र-२०७२ मा कक्षा छाड्ने विद्यार्थी संख्याको आकार र विद्यालय संख्या**

| कक्षा बिचैमा छाड्ने विद्यार्थीको आकार | कक्षा ९ | | कक्षा १० | |
|---|---|---|---|---|
| | विद्यालय संख्या | | विद्यालय संख्या | |
| | छात्रा | छात्र | छात्रा | छात्र |
| ०–३ | ४ | ६ | ६ | ६ |
| ३–६ | २ | ० | | |
| ६–९ | १ | १ | | |
| ९–१२ | | | | |
| १२–१५ | | | | |
| १५–१८ | | | | |
| जम्मा | ७ | ७ | ६ | ६ |

स्रोतः विद्यालय अभिलेख, २०७२

माथिको तालिकाबाट के स्पष्ट हुन्छ भने सबभन्दा बढी कक्षा ०-३ जना सम्म बीचैमा विद्यालय छाडने विद्यार्थीहरु भएको विद्यालय बढी रहेका छन  भने ३-६ जना विद्यार्थी छाडने विद्यालयहरु दोश्रो दर्जामा छन ६-९ जना विद्यार्थीहरु कक्षा छाडने विद्यालयहरु एक दुई जना मात्र छन । तसर्थ के बुझिन्छ भने प्रत्येक विद्यालयमा ०-३ जना विद्यार्थीहरुले विद्यालय बिचैमा छाडने गरेको पाईन्छ ।

### ४.१.४.शैक्षिक सत्र २०७१/०७२ मा कक्षा बीचैमा छाडने विद्यार्थीको जातीगत विवरण

अध्ययन क्षेत्रमा परेका विद्यालयहरुमा जातिगत रुपमा पनि बीचैमा विद्यलय छाड्ने विद्यार्थीहरुको तथ्याङ्क संकलन गरी अध्ययन गरिएको थियो । प्राप्त तथ्याङ्कलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ८ बीचैमा कक्षा छाडने विद्यार्थीको जातीगत विवरण**

| कक्षा | जम्मा विद्यार्थी संख्या | | बीचैमा विद्यालय छाड्ने विद्यार्थी | | | |
|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | दलित | जनजाती | सिमान्तकृत | अन्य |
| नौ | १९ | १० | २०.७० | २७.६० | ६.९ | १०.३४ |
| दश | १८ | १४ | ३१.२५ | ४६.९० | १५.७० | ६.२५ |
| जम्मा | ३७ | २४ | ५१.९५ | ७४.५० | २२.६० | १६.५९ |

स्रोतः विद्यालय अभिलेख, २०७२

तालिका ६ अनुसार बीचैमा विद्यालय छाड्ने विद्यार्थीहरु मध्ये सबै भन्दा धेरै जनजाती विद्यार्थीहरु पाइयो। कक्षा नौ मा २७.६० प्रतिशत र कक्षा १०मा ४६.९०प्रतिशत पाइयो भने त्यसपछिका बीचैमा विद्यालय छाड्नेमा दलित विद्यार्थीहरु रहेको पाइयो । कक्षा नौमा २०.७० र कक्षा १० मा ३१.२५ प्रतिशत दलित विद्यार्थीहरु पाइयो । सिमान्तकृत र अन्य विद्यार्थीहरु हाराहारीको प्रतिशतमा विद्यालय छाड्ने गरेको पाइयो । अधिक संख्यामा जनजातीहरुको बसोबास रहेको यस क्षेत्रमा बीचैमा विद्यालय छाड्नेहरुमा पनि उनिहरुकै बालबालिका रहेको

पाइयो । संख्यात्मक रुपमा थोरै हुदाहुदै पनि बीचैमा विद्यालय छाड्नेहरु मध्ये प्रतिशतका हिसावमा दोश्रो स्थानमा आइपुगेको दलित समुदायमा तुलनात्मक रुपमा धेरै विद्यार्थीले बीचैमा विद्यालय छाड्ने गरेको पाइयो ।

## ४.२.विद्यार्थीहरुले बीचैमा कक्षा छाड्नाका कारणहरु

माध्यमिक तहका बालबालिकाहरुले माध्यमिक शिक्षा पुरा नगरी बीचैमा कक्षा छाडेर घरमा बसिरहेका बालबालिकाहरुको अवस्था कस्तो छ? विद्यार्थीहरुले विद्यालय छाडने मुख्य कारणहरु के के हुन, उनिहरु किन बिचैमा विद्यालय छाडन बाध्य भए, विद्यालय बिचैमा छाडनुका मुख्य दोषी को हुन वा थियो भनी छनोटमा परेका विद्यालयका प्र. अ. शिक्षक, शिक्षिका, अभिभावक, वि.व्य. स.का अध्यक्षहरु, छनोट गरिएका विद्यालय छाडेर बसेका विद्यार्थीहरु, उनीहरुका अभिभावकहरु, श्रोतव्यक्ति कस्तो कस्तो बीचौर रहेछ भनी समस्या समाधानको उपाय खोजी गर्न अर्न्तवार्ता, प्रश्नावाली, समुह छलफल, विद्यालय सर्वेक्षण फारमबाट प्राप्त सूचनाको आधारमा निम्न निम्न अनुसार सूचना विश्लेषण गरिएको छ ।

### ४.२.१.आर्थिक कारण

माध्यमिक तहको शिक्षा पुरा नगरी बीचैमा विद्यालय छाड्नु पर्ने कारणहरु मध्ये सबैभन्दा महत्वपुर्ण कारणको रुपमा आर्थिक कारणलाई लिइएको पाइयो । यस कारणमा सरोकारवालाहरुसंग लिइएको अन्तवार्ता प्रश्नावली एंव समुहगत छलफलबाट के प्राप्त भयो भने ३ वा सो भन्दा बढी छोराछोरी को संख्या भएका परिवारमा नै सबैभन्दा बढी बीचैमा विद्यालय छाडने दर रहेको पाइयो । यसले बढी छोराछोरी हुनुपनि गरिबी नै हो भनी प्रमाणित गरेको छ ।

माध्यमिक तहमा विद्यार्थीहरुले बीचैमा विद्यालय छाड्ने कारणहरुका सम्बन्धमा जनता माध्यमिक विद्यालय कमलका प्रधानाध्यापक हरी ढकालको प्रतिक्रिया यस प्रकार छ :

> यो क्षेत्र आर्थिकरुपले विपन्न समुदायको बसोबास रहेको क्षेत्र हो । यहाँका अधिकांश अधिभावक दैनिक ज्यालादारी गर्नका लागि झापाको विभिन्न बजारहरुमा जाने गर्दछन् भने केहि बालबालिकाको बाबुहरु बैदेशिक रोजगारीमा लामो समयदेखि विदेशमा रहेको छन् । जसका दुबै अभिभावब ज्याला मजबुरी गर्न जान्छन् त्यस्ता बालबालिका दिवा समय अभिभावक विहिन रहनाले घरमै अल्मलिन्छन् साथै रातमा पनि दिनभरीको थकानले बालबच्चाको पढाइमा ध्यान पुऱ्याउन सक्दैनन् भने बाबुहरु विदेशमा भएका बच्चाहरु आमाको निर्देशनलाई लत्याएर अध्ययनप्रति हेलचेक्रयाई गर्ने भएकाले बीचैमा विद्यालय छाड्ने विकल्प भेट्दैनन् ।

प्राप्त प्रतिक्रिया विश्लेषण गर्दा अभिभावको आर्थिक हैशियत कमजोर हुदाँ त्यसको प्रत्यक्ष असर बालबालिकाको अध्ययनमा परेको देखिन्छ । आर्थिक जोहो गर्न तर्फ अभिभावक लाग्दा बालबालिकाको अध्ययनमा समय दिन नसकेकाले अभिभावक विहिनताको स्थिती देखा परेकाले यसको प्रतिफलहरुले विद्यालय शिक्षा पुरा गर्न नसकि बीचैमा छाड्ने गरेको पाइयो । अभिभावक र बालबालिका बीचमा सम्बन्ध सुमधुर बन्न सकेको खण्डमा बीचैमा विद्यालय छाड्ने दर न्यून गर्न सकिने पाइयो ।

कृषि पेशामा र बैदेशिक रोजगारमा जाने अभिभावकका बालबालिकाहरुनै सबैभन्दा बढी विद्यालय बिचैमा छाडने गरेका पाइयो । यस्तै गरिबीका कारण विद्यार्थीलाई चाहिने अति आबश्यक कापी, कलम, पेन्सीलजस्ता स्टेशनरी सामाग्रीहरु खरिद नगरेको कारण विद्यालय बीचैमा छाडने गरेको पाइयो ।

त्यसै गरेर शुल्क तिर्न नसकेर, खोलामा ढुङ्गा टिप्न तथा ट्याक्टर भर्न गएर, अभिभावकहरु दैनिक ज्यालादारीमा तथा बालुवा निकाल्न एंव गिट्टी चाल्ने कार्यमा व्यस्त भएका कारण नै उनीहरुका बालबच्चाहरुमा रेखदेख गर्न नसकेको पाइयो ।

यसरी गरिबीका कारण विभिन्न स्थानमा अवसरको खोजी गर्दै बसाई सराई गर्नुपर्ने भएर पनि विद्यालय बीचको कागजी झंझटले बीचमा विद्यालय छाडन पर्ने भएको पाइयो । अर्को तर्फ गरिबी अन्ध विश्वासका कारण धेरै छोराछोरी जन्माएका कारण भाइ बहिनीहरुको हेरचाह गर्नु पर्ने भएका कारण पनि बिचैमा विद्यालय छाडनु पर्ने बाध्यता रहेको देखियो ।

### ४.२.२. शैक्षिक कारण

माध्यमिक तहको शिक्षा पुरा नगरी बीचैमा विद्यालय छाड्नु पर्ने कारणहरु मध्ये शैक्षिक कारण पनि रहेको छ । धेरै जसो अभिभावकमा शैक्षिकचेतना नभएका कारणलेभविष्यको चिन्ता नहुने, बालबालिकालाई भविष्यमा कस्तो अवसर प्राप्त हुन्छ भन्ने जानकारी नभएका कारण पनि आफ्ना बालबालिकाहरुलाई पढाई लेखाइमा ध्यान नपुऱ्याएकाले पनि बीचैमा कक्षा छाडने गरेको पाइयो। धेरै जसो अभिभावकहरु अशिक्षित भएकाले भविष्यमा बालबालिकाको रोजगारीको सुनिष्चितता नभएर पनि शिक्षा प्रति मोह जाग्न नसकेको पाइयो । जसले पढाई लेखाईमा पुर्ण रुपमा नकारात्मक असर पर्न गएकाले पनि बीचैमा विद्यालय छाडनु पर्ने बाध्यता रहेको पाइयो । बीचैमा विद्यालय छाड्ने कारणहरुमा शैक्षिक कारणपनि एक रहेको सन्दर्भ उठाउदै तत्कालिन चुलाचुली गाँउ विकास समिति वडा नं. ३ बाह्रगोठेको जनता उच्च माध्यमिक विद्यालयका शिक्षक सरस्वती नेपालीको प्रतिक्रिया यस्तो रहेको छ :

> यो क्षेत्र आदिबासी जनजाति तथा दलितहरुको बाहुल्यता रहेको क्षेत्र हो । यस क्षेत्रमा अधिकांसमा पढ्नु पर्छ र मात्रै केहि गर्न सकिन्छ भन्ने सोच पटक्कै छैन । प्रायः बाबुआमा अशिक्षित नै छन् । उनिहरु आफ्ना छोराछोरीको उचित शिक्षाको लागि कहिल्यै सजग बन्न सकेको पाइदैन । अशिक्षित समुदाय हुनु मादक पदार्थको सेवन अत्याधिक गर्नाले घरमा झै झगडा भइरहेने हुन्छ । जसको कारण

बालबच्चामा मनोबैज्ञानिक असर परिरहेको हुन्छ र नै उनिहरु आफ्नो शिक्षा पूर्ण गर्न नपाउदै विद्यालय छाड्न बाध्य हुन्छन् ।

शिक्षक सरस्वती नेपालीको प्रतिक्रियाको विश्लेषण गर्दा अभिभावकलाई नै शिक्षाको महत्व नभएको साथै आफ्ना बालबच्चाहरुलाई राम्रो शैक्षिक वातावरण दिन नसकेको तथ्य पाइयो । शैक्षिक चेतनाको कमिका कारण अभिभावक र बालबालिका बीचको अन्तर सम्बन्ध सुमधुर बन्न नसकेकोले समेत शिक्षामा क्षति बेहोर्नु परेको पाइयो । यसको अर्थ बालबच्चालाई राम्रो शिक्षा दिएर कुनै तह पार गराउनको लागि सर्वप्रथम अभिभावकलाई सचेत गराउने पर्ने देखियो ।

छनौटमा परेका सरोकारवालाहरुलाई गरिएको प्रश्नावली एवं समुहगत छलफलमा समेत अशिक्षाका कारण बेरोजगारी बढेको र परम्परागत कृषि पेशा एंव बेदैशिक रोजगारीमा जानु पर्ने भएकोले छोराछोरीको उचित रेखदेख हुन नसकी बीचैमा विद्यालय छाडनु पर्ने भएको हो भन्ने विवरण प्राप्त भएको थियो । प्र.अ. शिक्षक शिक्षिकाहरुलाई सोधिएको प्रश्नमा बाबु आमा अशिक्षित भएकाले छोराछोरीलाई उचित मार्गदर्शन नभएको र भविष्यमा रोजगारीका अवसरहरुका बारेमा जानकारी नभएकाले जसो तसो साक्षर भए पुग्छ भन्ने मनसायको कारण नै बिचैमा विद्यालय छाडनु पर्ने अवस्था आएको भन्ने विवरण प्राप्त भएको छ । त्यस्तै गरी वि.व्य.स अध्यक्षहरु र श्रोतव्यक्ति समेत अशिक्षाका कारण अभिभावकहरुलाई बच्चाहरु विद्यालयमा नियमित पठाउन उत्प्रेरित गर्न नसकिएको भन्ने विवरण प्राप्त भएको थियो ।

### **४.२.३. असफलता**

माध्यमिक तहको शिक्षा पुरा नगरी बीचमै विद्यालय छाडनुको कारण मध्ये कक्षामा असफल हुनु पनि रहेको छ । छनोटमा परेका सरोकारवालालाई गरिएको प्रश्नावलीबाट के पुष्टि हुन्छ भने धेरै जसो बालबालिका कक्षामा फेल भएपछि पुरानो कक्षमा जान नमानेको पाइयो । अन्य विद्यालयमा स्थानन्तरण गरेर गएपनि २ वर्ष एउटै कक्षामा पढन पर्ने भएकाले बिचैमा पढाइ छाडने गरेको पाइयो । छनोटमा परेका प्र.अ., शिक्षक शिक्षिका अनुसार विद्यार्थी कक्षामा फेल

भएपछि विद्यालयमा फेरि नाम दर्ता गर्न आउन नमान्ने र४० प्रतिशत जति बालबालिका अन्य विद्यालय नाम स्थानन्तरण प्रमाणपत्र लैजाने तर अन्त्यमा सरेका विद्यालयमा पनि  नियमित नहुने र बीचैमा विद्यालय छाडने गरेको पाइयो ।

विद्यार्थीहरुले बीचैमा विद्यालय छाड्ने कारणहरुमा असफलता रहेको कुरा उठाउदै चुलाचुली ७ आइतबारेमा अवस्थित श्री बालज्योति माध्यमिक विद्यालयका छात्रा हर्कमाया राईकी आमा शोभालक्षि राईको प्रतिक्रिया यस्तो रहेको छ :

> बालबालिकाहरु पटक पटक असफल भइरहदा पनि विद्यालय प्रति अभिरुची घटेर जान्छ र बीचैबाट विद्यालय छाडि दिन्छन् । हाम्रा विद्यालयहरुमा जाँच गर्ने प्रणाली पनि पुरानो छ जसमा निर्धारित समयमा लेखेका भरमा पास हुनु पर्छ । आफूले जानेकै कुरा पनि परीक्षामा लेख्न नसक्दा फेल हुन पुग्छन् । यसले गर्दा उनिहरु फेरी कक्षा दोहोर्‍याउन र विद्यालयनै छाड्ने गर्दछन् । यसको साथै कतिपय विद्यालयमा फेल भएकाहरुलाई शिक्षकहरुले हेलाहोचो गरिदिनाले समेत फेरी दोहोर्‍याएर विद्यालय जान मान्दैनन् । अन्तत बीचैबाट विद्यालयको यात्रालाई टुङ्ग्याउन बाध्य हुन्छन् ।

अभिभावकबाट प्राप्त प्रतिक्रियालाई विश्लेषण गर्दा असफलताको कारण बीचैबाट विद्यालय छोड्नेहरु समेत रहेको देखियो । यसको दोष शिक्षाको परीक्षण प्रणाली रहेको साथै शिक्षकहरुमा मनोवैज्ञानिक सोचको विकास नभएको पाइयो । असफल हुनेहरुलाई प्रोत्साहन दिनाको साटो खिसिट्यूरी गर्ने परम्परागत सोचको कारण विद्यार्थीहरु लज्जा महशुस गरी बीचैमा विद्यालय छाड्ने गरेको पाइयो । शिक्षकहरुले समेत विद्यालयमा असफल हुने विद्यार्थीहरुमाझमा असफतानै सफलताको प्रतिक हो भन्ने मनोभावको विकास गराउन असफत रहेको पाउनको साथै विद्यार्थी र शिक्षक बीचमा मानव सम्बन्ध सिद्धान्तको विकास हुन नसकेको पाइयो ।

त्यस्तै गरी अभिभावकहरुलाई नै गरिएको प्रश्नावलीको उत्तर अनुसार कक्षामा असफल भएका छोराछोरीहरु धेरैले माथिल्लो कक्षामा पढन पाए पढने नभए नपढने घुर्कि लगाउने गरेको पाइयो

। स्वयं विद्यार्थीहरुसंग गरिएको प्रश्नावलीको उत्तर अनुसार के पाइयो भने कक्षामा असफलता भएपछि विरक्त लाग्ने एंव पढन मन नलाग्ने र नाम दर्ता गरी हालेमा नियमित विद्यालय जान अफ्ठ्यारो महशुस हुने र पुन असफल हुने डरले बीचैमा विद्यालय छाड्ने गरेको पाइयो ।

### ४.२.४. सामाजिक तथा सांस्कृतिक कारण

सामाजिक एंव सास्कृतिक सबल जात जनजातिहरुको बच्चाहरु कम बीचैमा कक्षा छाडने गरेको पाइयो भने सामाजिक एवं सास्कृतिक रुपले कमजोर सामाजिक परिवेशमा हुर्केका बालबच्चाहरुमा विविध सामाजिक तथा सांस्कृतिक अवस्थामा नरमाई बालबालिकाहरुले बीचैमा कक्षा छाडने गरेको पाइयो। विशेषत दलित तथा सिमान्तकृत बालबालिकाहरुले बीचैमा विद्यालय छाड्ने गरेको पाइयो ।

विद्यार्थीहरुले बीचैमा विद्यालय छाड्ने कारणहरुका बारेमा प्रतिक्रिया दिदै तत्कालिन चुलाचुली ७ आइतबारेमा रहेको बालज्याति माध्यमिक विद्यालयकी पूर्वछात्रा रिया लामाको प्रतिक्रिया यस्तो रहेको छ :

> हाम्रो समाज परम्परागत सोचको समाज छ । यहाँ प्राय : धार्मिक पर्व र उत्सवहरु भइरहने गर्दछ । यस्ता मेला पर्वहरुले हामी जस्ता अल्लारेहरुको मन बहकाउदो रहेछ । जसको कारण सानै उमेरमा विवाहतिर तानिदो रहेछ । विवाह गरेपछि विद्यालय जान लाज लाग्ने हुनाले बीचैबाट विद्यालय छाड्नुको अर्को विकल्पनै नहुदो रहेछ । यसको साथै विद्यालय भित्र हुने गरेको सास्कृतिक कार्यक्रममा पनि धार्मिक विभेद हुने गरेको छ, कतिपय धर्मका बालबालिकाहरुलाई त शिक्षकहरुले समेत नजानिदो तरिकाले विभेद गरेकाले त्यस्ता विद्यार्थीहरुलाई विद्यालयप्रति वितृष्णा पैदा हुने भएकाले विद्यालयनै छाड्ने गर्दछन् ।

बीचैमा विद्यालय छाडेकी छात्राको प्रतिक्रियाको विश्लेषण गर्दा समाजमा हुने गरेको भड्किलो किसिमको सामाजिक तथा सास्कृतिक कार्यक्रमहरुले बालबालिकाको मनमा विचलन ल्याइदिने

जसको कारण सानै उमेरमा विवाह गर्ने विकृति भित्रिनुका साथै विद्यालय जान लाजका कारण बीचैमा विद्यालय छोड्ने गरेको पाइयो । यसको साथै विद्यालयमा हुने धार्मिक विभेदको कारण पनि विद्यालय बीचैमा छाड्ने गरेको पाइयो ।

### ४.२.५. घरायसी कारण

बालबालिकाले बिचैमा विद्यालय छोडनु पर्ने कारणहरुमा घरायसी कारण बलियो देखा परेको छ । खास गरी गरिबी तथा दुर्गम स्थानमा बसोवास गर्ने बालबालिकाहरुले घरमा भाइ बहिनीको हेरचाह गर्नु पर्ने, गाई बाख्रा चराउन पर्ने, घरमा हुने झै-झगडा, अभाव, विवाह, अन्त्येष्ठि जस्ता सामाजिक चाड पर्वहरुका कारणले पनि बीचैमा विद्यालय छाडनु पर्ने हुन्छ भन्ने विवरण प्राप्त भएको छ ।त्यसै गरी घरमा आमाबाबु दिनहु अरुको मेला जानु पर्ने, तथा आफ्नो खेतीपाती गर्नु पर्ने भएकाले विद्यालय समयमा पुग्ने गरी खाना, लुगा एंव अन्य आवश्यक सामग्रीहरु तयारी नगरेको कारणले पनि बालबालिका बीचैमा विद्यालय छाडनु पर्ने कारण बन्न पुगेको पाइयो ।

### ४.२.६.वातावरण

माध्यमिक तहको शिक्षा पुरा नगरी बीचैमा विद्यालय छाडनु पर्ने कारणहरु मध्ये वातावरण पनि प्रमुख कारणको रुपमा देखा परेका छ । खास गरी तल्लो पललो वल्लो माथिल्लो सबै घरमा बालबालिकाहरु नपढने तथा पढाइमा अनियमितता भएका कारण पढाइको वातावरण बिना हुर्केका बालबालिकाहरुमा बिचैमा विद्यालय छाडने दर अधिक रहेको पाइन्छ । खास गरी दाजु दिदी साथीभाइहरु विद्यालय नगएका कारण आफूलाई पनि विद्यालय जान मन नपर्ने भन्ने भनाइ पाइयो । तसर्थ राम्रो सिकाइ वातावरण भएको ठाँउमा बीचैमा विद्यालय छाडने बालबालिकाको प्रतिशत बढी रहेको पाइयो । त्यसैगरी सामाजिक वातावरणनै बीचैलित भएर प्रायः छात्राहरुले सानै उमेरमा विवाह गर्ने गरेको र विवाहपछि विद्यालय जान लाज लाग्ने गरेकाले पनि बीचैमा विद्यालय छाड्ने गरेको पाइयो ।

### ४.२.७.उमेरगत कारण

माध्यमिक तहको शिक्षा पुरा नगरी बीचमै विद्यालय छाडनुको कारण मध्ये उमेरगत कारणलाई पनि मुख्य कारण भएको पाइयो । सरोकारवालाको भनाई अनुसार उमेर बढी भएर पनि माध्यमिक तहमा बसेर पढ्न लाज लाग्ने भएकाले पनि बीचैमा विद्यालय छाडनु परेको हो भन्ने बढी पाइएको छ । बढी उमेर सम्म माध्यमिक तहमा अध्ययन गर्दा विवाहको उमेर भइ विद्यालय छाड्न पर्ने बाध्यता रहेको भन्ने धारणा पाइयो ।

### ४.२.८.बालमैत्री व्यवहार

बीचैमा विद्यालय छाड्ने कारणका सम्बन्धमा चुलाचुली स्रोतकेन्द्रका स्रोत व्यक्ति उपेन्द्र सापकोटाको प्रतिक्रिया यस्तो रहेको छ :

> हाम्रा विद्यालयहरु अझै पनि परम्परागत सोचमा चलेका छन् । बालबालिकाहरु नव परिर्वता खोज्छन् शिक्षकहरु पुरातन सोचमा छन् । यहि दुई बीचको द्वन्द्वले विद्यार्थी विद्यालय छाड्न थाल्छ । कतिपय शिक्षकहरु विद्यार्थी जहिल्यै पनि शिक्षक देखि डराउनु पर्छ भन्ने मानसिकतामा छन्, यस्तो मानसिकताले शिक्षक र विद्यार्थीको सम्बन्धमा दरार पैदा गराई शैक्षिक उन्नतीमा अवरोध सृजना गर्दछ । त्यसैले हरेक विद्यालयहरु बालमैत्री अवधारणामा अगाडि पढ्नु पर्छ । बीचैमा विद्यालय छाड्ने दरलाई न्यूननै गराउने हो भने शिक्षक र विद्यार्थी बीचमा एक आपसमा मैत्रीपूर्ण व्यवहारको विकास भएको हुनु पर्दछ ।

स्रोत व्यक्तिबाट प्राप्त प्रतिक्रियाको विश्लेषण गर्दा सामुदायिक विद्यालयका शिक्षकहरुमा परम्परागत सोच हावि भएको र विद्यार्थी सधै त्रसित भएको भन्ने पाइयो । शिक्षक र विद्यार्थीहरु बीच मानविय सम्बन्ध कायम हुन नसक्दा उत्पन्न दरारले गर्दा कयौ विद्यार्थीहरुले बीचैबाट विद्यालय छाड्ने गरको भन्ने पाइयो । उनको प्रतिक्रिया अनुसार हरेक विद्यलयका शिक्षक र विद्यार्थीहरुबीच एक घनिष्ट मित्रको सम्बन्ध सहितको

बालमैत्ती वातावरण हुनु पर्ने  नत्र बीचैमा विद्यालय छाड्ने विद्यार्थीको संख्या न्यून हुन नसक्ने पाइयो ।

सामुदायिक विद्यालयहरु विशेष गरेर बालिका मैत्रि हुन सकेको पाइदैन । माध्यमिक तहका बालिकाहरुमा देखिने मुख्य परिवर्तन मासिकस्राव (रजस्वला) को समयमा विद्यालयले आवश्यक प्रबन्ध मिलाउन नसक्नुको साथै विद्यालयमा शिक्षिकाको व्यवस्था हुन नसक्दा बीचैमा विद्यालय छाड्ने गरेको पाइयो । विद्यार्थी र शिक्षक बीचमा एउटा पारिवारीक सदस्यको जस्तो सम्बन्ध कायम नभएकोले गर्दा कतिपय विद्यार्थीहरु विद्यालय जान नचाहेको भन्ने कुरा अभिभावकहरुबाट समेत प्रतिक्रिया प्राप्त भएको थियो ।

विद्यालयमा प्र.अ. शिक्षकशिक्षिकाको व्यवहार बालमैत्री नभएका कारण पनि बालबालिकाहरु बीचैमा विद्यालय छाडनु पर्ने बाध्यता रहेको सरोकारवालाहरुको अनुसार विद्यालयमा बाल उद्यानको रुपमा विकसित गर्न सकिएको खण्डमा विद्यालयमै रमाउने तर सोही अनुसारको बालमनोविज्ञान एंव माया ममता नपाउदा बालबालिकाको मानसपटलमा नकरात्माक प्रभाव पर्न गई बिचैमा विद्यालय छाडने गरेको पाइयो ।

### ४.२.९.लैङ्गिक कारण

शिक्षा विभागको तथ्याङ्क (२०१२) अनुसार २९१०० समुदायिक विद्यालयहरुमध्ये ३५ प्रतिशत विद्यालयमा छात्राहरुको अलग्गै शौचालय सुविधा नहुनाले उनिहरुको शिक्षाको निरन्तरतामा प्रभाव गरेको छ ।(काठमाडौं पोष्ट, अप्रिल १६, २०१५) ।

विद्यालयमा बढीमात्रामा बालिकाहरु भए पनि महिला शिक्षकको अभावका कारण बालिकाहरुको मनोविज्ञान पुरुष शिक्षकले बुझ्न नसकी विभिन्न समस्याको संबोधन नभई बीचैमा विद्यालय छाडनु पर्ने अवस्था आउछ । त्यसै गरी छात्रा शौचालय नहुदा पनि बालिकाहरुले विद्यालय

छाड्छन् भन्ने सरोकारवालाहरुको अभिमत छ । उनिहरुका अनुसार बालिकामैत्री भौतिक संरचना देखि अन्य पक्ष हुनु पर्ने धारणा पाइयो ।

## ४.३ बीचैमा विद्यालय छाड्ने दर न्युनीकरण गर्न विद्यालयले चालेका कदमहरु

विद्यार्थीहरुलाई विद्यालयमा टिकाइ राख्न विद्यालयले पनि जिम्मेवार भएर लाग्ने पर्ने हुन्छ । यस अध्यायमा विद्यालयले चालेका कदमहरुमा परीक्षा प्रणाली, छात्राबृति वितरण प्रणाली, भौतिक व्यवस्थापन, शैक्षिक सामग्रीको प्रयोग, मनोरञ्जन प्रणाली, बालसहभागीताको अवसर आदिको बारेमा अध्ययन गरिएको थियो ।

### ४.३.१. परीक्षा प्रणाली

असफलताको कारणले गर्दा पनि बालबालिकाले बीचैमा विद्यालय छाडेको पाइयो । यस प्रकारको समस्या केवल अध्ययन क्षेत्रको मात्रै समस्या नभएर देशै भरीको समस्या रहेको छ । यस प्रकारको समस्यालाई हल गर्नका लागि विद्यालयहरुले आवधिक मूल्यङ्कन गर्नुका साथै निरन्तर मूल्याङ्कनलाई समेत प्रयोगमा ल्याएको पाइयो । परम्परागत रुपमा चलेको त्रैमासिक, अर्धवार्षिक र बार्षिक परीक्षाका अलवा निरन्तर मूल्याङ्कनले ड्रप आउट रोक्न सहयोग गरेको पाइयो ।

### ४.३.२.छात्रबृति वितरण

बीचैमा विद्यालय छाड्ने प्रमुख कारणकै रुपमा विपन्नता रहेको पाइयो । कतिपय विद्यार्थीहरु च्यातिएको विद्यालय पोशाकमा आएको पाइयो । यस्ता विपन्न बालबालिकालाई सरकारी तवरबाट प्राप्त हुने छात्रा छात्रबृति, दलित छात्रबृति र माध्यमिक तहको छात्रबृतिका अलवा विभिन्न संघ संस्था सँगको सहकार्यमा विद्यालय पोशाक, जुत्ता, व्याग तथा अन्य शैक्षिक सामग्रीहरु समेत वितरण गरेको पाइयो जुन विद्यालयको एउटा सकरात्मक कदम भएको

देखिन्छ । यसका साथै कतिपय सक्रिय विद्यालयहरुमा बालक्लवले समेत अति विपन्न विद्यार्थीको छनौट गरेर राहात उपलव्ध गराएको पाइयो ।

### ४.३.३. भौतिक व्यवस्थापन

विद्याथीहरुलाई विद्यालयमा टिकाइ राख्ने अर्को पक्ष भनेको विद्यालयको भौतिक व्यवस्थापन पनि देखियो । विद्यालय आकर्षक भएमा विद्यार्थीको आकर्षण पनि बढेर जने पाइयो । यस कारण धेरै विद्यालयहरुले भौतिक व्यवस्थापन जस्तै : भवन, डेक्स बेन्च, मञ्च, फूलवारी लगायतको व्यवस्थापनमा निक्कै ध्यान पुऱ्याएको पाइयो ।

### ४.३.४. शैक्षिक सामग्रीको प्रयोग

शैक्षिक सामग्री शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अंग मानिन्छ । विद्यार्थीहरु सामग्रीसँग सिक्न पाएमा रमाउने र सिकेको कुराहरु स्थाई रहने हुन्छ । यस सन्दर्भमा सामग्रीहरु जस्तै : श्रव्य, श्रव्यदृष्य, लगायतको प्रयोग गरेको पाइयो । केहि सुविधा प्राप्त विद्यालयहरुमा ओभरहेड प्रोजेक्टरको समेत प्रयोग गरेको पाइयो ।

### ३.३.५. मनोरञ्जन प्रणाली

बालबालिका त्यतिबेला सम्म विद्यालयमा रमाउछन् जतिबेला सम्म उनिहरुलाई विद्यालय समय दिग्दार लाग्दो हुदैन । यसको लागि समय समयमा मनोरञ्जनात्मक कार्यक्रमहरु सञ्चालन हुन आवश्यक देखिन्छ । यस अध्ययन क्षेत्रका विद्यालयहरुमा बालबालिकाहरुलाई नाटक, क्यारीकेचर, नृत्य लगायतका प्रतियोगितात्मक क्रियाकलापमा सरिक गराएको पाइयो । जुन विद्यालयमा यस्ता कृयाकलाप धेरै हुन्छन् त्यस्ता विद्यालयमा ड्रपआउट कमि भएको पाइयो । बालबालिकालाई आफ्नै घरको जस्तो वातावरण तयार गर्न विद्यालय सधै प्रयासरत रहनु पर्छ । यस क्षेत्रका विद्यालयहरुमा केहि हद सम्म रमाइलो वातावरण बनाउने प्रयत्न गरेको पाइयो ।

### ४.३.६. बालसहभागिताको अवसर

बालबालिकाहरु स्वतन्त्र रुपमा आफ्ना कुराहरु राख्ने मञ्चको खोजि गरिरहेका हुन्छन् ।यस अध्ययन क्षेत्रका विद्यालयहरुमा बालबालिकालाई स्वतन्त्र निर्णय गर्ने अधिकार सहितको बाल सहभागिताको अवसरका लागि अभ्यास गर्ने गरेको पाइयो । यस्ता बाल सहभागितामा बालक्लव, जुरेस, रेडक्रस, किशोरकिशोरी कार्यक्रम जस्ता विद्यालय भित्रका संघ संगठनहरु सञ्चालनमा रहेको पाइयो ।

### ४.३.६. बालिकामैत्री कार्यक्रमको थालनी

अध्ययन क्षेत्रमा पाइएको तथ्याङ्क अनुसार बीचैमा विद्यालय छाड्ने संख्यामा छात्राहरुको संख्या अधिक पाइयो । यसको कारणमा बालिकामैत्री वातावरण नभएको पाइएको ले त्यस सम्बन्धमा विद्यालयहरुमा अध्ययन गर्दा पछिल्लो समयमा सुरक्षित छात्रा शौचालयदखि सेनेटरी प्याड सहितको विश्राम कक्षको व्यवस्थापन गर्ने गरेको पाइयो । त्यस्तै गरेर छात्राको लागि छुट्टै खेल मैदान तथा खेलकुद सामग्रीहरुको व्यवस्थापन गरेको पाइयो ।

## ४.४.बीचैमा विद्यालय छाड्ने प्रवृतिको न्यूनीकरणका उपायहरु

माध्यमिक तह अध्ययन अध्यापन हुने विद्यालयहरुमा देखिएका शैक्षिक, व्यवस्थापन, भौतिक, आर्थिक समस्याहरु समाधान गरी प्रभावकारी बनाउन अध्ययनकर्ता अध्ययनका लागि छनोट गरिएका विद्यालयहरुमा स्वयं उपस्थित भई वि.व्य.स.अध्यक्षहरु, प्र.अ., शिक्षक शिक्षिकाहरु, बीचैमा विद्यालय छाड्ने विद्यार्थीहरु, उनीहरुका अभिभावक बसेका घर तथा काम गरी रहेको खेतबारीमा प्रत्यक्ष भेटघाट गरी प्रश्नावली भरी, भराइ बीचैमा विद्यालय छाड्ने प्रवृतिको न्यूनीकरण गर्ने उपायहरु खोजी संकलन गरी यस्तो  प्रवृतिको न्यूनीकरण गर्ने उपायहरु खोजी संकलन गरिएको थियो जुन उपायहरु निम्नानुसार रहेका थिए ।

### ४.४.१.शैक्षिक चेतना अभिवृद्धि

संकलनबाट प्राप्त विवरणलाई हेर्दा माध्यमिक तहमा अध्ययन गर्ने बालबालिकालाई पढाइ छाडने समस्याहरुलाई समाधान गर्न के गर्नु पर्ला? भनी विद्यालयका प्र. अ. शिक्षक, शिक्षिका, विद्यार्थी, अभिभावक, वि.व्य.स.का अध्यक्षहरुसँग सुझाव माग्दा अभिभावकहरुमा चेतना अभिवृद्धि गरेर मात्र शिक्षको महत्व बुझ्ने र भविष्यमा पेशा छान्न सक्ने बनाउन सकिएमा मात्र आफ्ना बालबालिकाहरुलाई सम्झाएर, बुझाएर, फकाएर शिक्षा प्रति लगाव बनाउन सकिने भएकाले पनि अभिभावकहरुलाई जनचेतना अभिवृति गर्नुपर्ने सुझाव प्राप्त भएको छ ।

अभिभावकलाई शिक्षा प्रति  सचेत एंव बुझ्रुक तुल्याउनको निमित्त विभिन्न खाले तालिम, गोष्ठी, सेमिनार, कार्यशाला मार्फत शिक्षाप्रतिको सकारात्मक सोच निर्माण गर्न सकिएमा मात्र बीचैमा विद्यालय छाडने प्रवृतिलाई न्यूनीकरण गर्न सकिन्छ भन्ने सरोकारवालाहरुमा धारणा पाइयो ।

### ४.४.२.गरिबी न्यूनीकरण

बालबालिकाले विद्यालय बीचैमा छाडनबाट रोक्न के गर्नु पर्ला? भनी शिक्षक, अभिभावक तथा अन्य सरोकारवाला सँग सोधिएको प्रश्नबाट प्राप्त विवरणबाट अभिभावकहरुको आर्थिक अवस्थामा सुधार नभए सम्म सम्पूर्ण प्रयासहरु असफल हुन्छ भन्ने धारण पाइयो अभिभावक को आर्थिक अवस्थामा सुधार भएको खण्डमा उनीहरुको बाल-बालीकाहरुलाई हेरचाह गर्न, शिक्षित तुल्याउन, भविष्य उज्जवल बनाउन तिर ध्यान आकृष्ट हुन्छ । यसरी खाना नानाको खोजीमा भौतारिनु नपर्ने भएको खण्डमा मात्र आफ्ना बालबालिका प्रति झुकाव बढ्ने भएकाले गरिबी उन्मुलन गरेर मात्र बीचैमा पढाइ छाड्नबाट रोक्न सकिन्छ भन्ने धारणा पाइयो ।

यसै गरी गरिबीका कारण घरमा समयमा खाना नपाक्ने भएकाले विद्यार्थीहरु हतोत्साह भएर बीचैमा पढाई छाडनु पर्ने बाध्यता रहेको छ । खासगरी बालबालिकाहरुको लागि झोला जुत्ता, कापी, कलम, लुगा आदिको जोहो गर्नसकेको खण्डमा घरमा आमाबुबाले छोराछोरी

भाइबहिनीलाई हेरचाह गर्नु खोलामा ढुङ्गन टिप्न, खलासी बन्न नपर्ने भई विद्यालयमा नियमित उपस्थित हुने वातावरण निर्माण हुन्छ भन्ने धारणा भएको पाइयो ।

### ४.४.३.तालिम प्राप्त शिक्षकको व्यवस्था

माध्यमिक तहको शिक्षा पुरा नगरी बीचमै विद्यालय छाडने प्रवृतिलाई न्यूनीकरण गर्ने उपाय के हुन्छ भनी सोधेको प्रश्नको उत्तरमा तथा समुहगत छलफलबाट प्राप्त विवरणमा तालिम प्राप्त शिक्षक शिक्षिकाको व्यवस्था गर्न सकिएमा मात्र पठनपाठनमा सुधार आउने, बालमैत्री सिकाइ हुने शिक्षण सिकाइ प्रभावकारी भई बीचैमा कक्षा छाडने प्रवृतिलाई न्यूनीकरण गर्ने उपाय हुन सक्दछ भन्ने धारणा पाइयो । त्यसै गरी एउटा तालिम प्राप्त शिक्षकले मात्रै विद्यार्थीको मनोविज्ञान बुझ्न सक्ने भएकोले शिक्षक र विद्यार्थीहरुको बीचमा उचित मानव सम्बन्ध विकास हुनगई विद्यार्थीहरुले विद्यालयमा सहजता महशुस गर्ने भएकाले बीचैमा विद्यालय छाड्ने प्रबृति घट्दै जाने धारण पाइयो ।

### ४.४.४.घरको वातावरण सुधार

माध्यमिक तहको शिक्षा पुरा नगरी बीचैमा कक्षा प्रवृतिलाई न्यूनीकरण गर्ने उपायहरु के हुन सक्छ? भन्ने प्रश्नको प्रश्नमा प्राप्त विवरणहरु अनुसार सरोकारवालाहरुको एकमतमा घरको वातावरण सुधार गर्नु पर्दछ भन्ने अभिमत प्रकट भएको पाइयो । खासगरी घरको आर्थिक, सामाजिक, सांस्कृतिक, परपरागत सोचका आधार रहेको अन्धविश्वास, नकरात्मक सोच आदिबाट ग्रसित घरमा विज्ञान र प्राविधिक आधारमा वास्तविक ज्ञानबाट सुधार गर्न सकियो भने बीचैमा कक्षा छाडने प्रवृतिलाई न्यूनीकरण गर्न सकिन्छ भन्ने धारणा पाइयो ।

### ४.४.५.विद्यालयको शैक्षिक वातावरणमा सुधार

संकलनबाट प्राप्त विवरणलाई प्रस्तुत गर्दा माध्यमिक तहमा अध्ययन गर्ने बालबालिकालाई कक्षा छाडने समस्या समाधान गर्न के गर्नु पर्ला भन्ने विषयमा विद्यालयका प्र. अ. शिक्षक, शिक्षिका, विद्यार्थी, अभिभावक, वि.व्या स.का अध्यक्षहरु तथा विद्यार्थीसंग सोधिएको प्रश्न तथा समुहगत छलफलबाट विद्यालयको शैक्षिक वातावरणमा सुधार गर्न सकिएमा बालबालिकाहरुको क्रिडास्थल तथा मानसिक अभ्यासबाट क्षमता र सीप विकास हुन गई बीचैमा विद्यालय छाडने प्रवृतिमा कमी आउन सक्छ भन्ने धारणा पाइयो । शैक्षिक वातावरण पनि शैक्षणिक र व्यवस्थापकीय दुवै क्षेत्रमा सुधार गर्न सकेको खण्डमा बालबालिका र अभिभावकको आशा अनुकुल प्रतिफल प्राप्त भएको महसुस भई बीचैमा विद्यालय छाडने प्रवृतिलाई न्यूनीकरण गर्न सकिन्छ भन्ने धारणा पाइयो ।

### ४.४.६.छात्रवृतिको व्यवस्था

प्राप्त विवरण अनुसार गरिबीका कारण विद्यालयमा उपस्थित हुन नसकेका विद्यार्थीहरुलाई थुप्रै समस्याहरुमा  सहयोग पुग्ने गरी छात्रवृत्तिको व्यवस्था गरिएको खण्डमा अभिभावकहरुले बालबच्चा पढाउन सक्ने वातावरण हुन्छ । तसर्थ विद्यालयको पहुँचबाट टाडा रहेका तथा पढने लख्ने सामग्रीको कमिमा विद्यालय छाडन बाध्य भएका विद्यार्थीहरुलाई विद्यालयमा टिकाउन सकिन्छ भन्ने धारणा पाइयो । तसर्थ प्रभावकारी छात्रवृत्तिको व्यवस्थाबाट बीचैमा विद्यालय छाडने प्रवृतिको न्यूनीकरण गर्नमा सहयोग पुग्ने विश्वास पाइयो ।

### ४.४.७.व्यवसायिक तथा प्राविधिक शिक्षामा जोड

प्रश्नावली तथा समुहगत छलफल बाट के स्पष्ट भएको छ भने परम्परागत शैलीको शिक्षाबाट भविष्यमा प्रमाणपत्रको माग नहुने एवं पेशागत सीपमा विकास नहुने बुझेर पनि सरोकारवालाहरुबाट विद्यालय शिक्षामा उत्सुक नभइको पाइयो । यसको विपरित शिक्षामा व्यवसायिक एंव प्राविधिक सीप विकास तर्फ उन्मुख भएमा अभिभावक एंव विद्यार्थी स्वंम पनि

जागरुक भई माध्यमिक तहको शिक्षा पुरा नगरी बीचैमा विद्यालय छाडने प्रवृत्तिलाई न्यूनीकरण गर्न सकिने आम धारणा पाइएको थियो । तसर्थ प्रमाण पत्रको भारी मात्र नभएर बजारमा सीप र दक्षताको माग भएमा त्यस्तो शिक्षा लिन बालबालिकाहरुलाई उत्पेरित हुने भएकाले बीचैमा कक्षा छाडने प्रवृतिको न्यूनीकरणको साथै शैक्षिक विकासमा ठूलो छलाङ्ग मार्न सकिने धारणाहरु पाइएको थियो ।

### ४.४.८ स्वतन्त्र कृयाकलापको अवसर प्रदान

बालबालिकाहरु स्वयममा स्वतन्त्र रुपमा आफ्ना प्रतिभाहरुको प्रदर्शन गर्न रुचाउछन् । उनिहरुका लागि आफ्ना प्रतिभाको प्रष्फुटन गर्ने गरिका बालक्लव, इको क्लव, रेडक्रस, किशोर किशोरी केन्द्र जस्ता संस्थाहरुको स्थापना गराई उनिहरुकै स्वतन्त्रतामा कार्यक्रमहरु सञ्चालन गर्न दिएको खण्डमा आफ्ना समस्याहरु सवैसँग साट्न पाउने भएकाले बीचैमा विद्यालय छाड्ने समस्याको न्यूनिकरण हुने पाइयो ।

### ४.४.९.उपयुक्त सरकारी शैक्षिक निति

माध्यमिक तहको शिक्षा पुरा नगरी बीचैमा विद्यालय छाडने प्रवृत्तिलाई न्यूनीकरण गर्न के गर्नु पर्ला? भनी सोधिएको प्रश्नको उत्तर तथा समूगत छलफलबाट के स्पष्ट हुन्छ भने खासगरी अहिलेको शिक्षा निति परिवर्तित भई रहने र निश्चित समयसम्म क्रियाशील नरहने भएकाले भविष्यमा सरकारी तवरबाट देशकाल, परिस्थिति अनुकुल  समाजको आवश्यकता र चाहना पुरा गर्ने गरी शैक्षिक नीति निर्धारण गरिएको खण्डमा बालबालिका र अभिभावकहरुमा उत्साह जागृत भई बीचैमा विद्यालय छाड्नभन्दा मेहनतका साथ शिक्षण सिकाइ तर्फ लगनशील हुन सक्छन भन्ने धारणा पाइयो ।

यसरी माथि उल्लेखित सरोकारवालाबाट प्राप्त उपायहरुलाई एकै ठाँउमा संकलन गरी सम्बन्धित सबैले आ-आफ्नो ठाँउबाट कर्तव्यनिष्ठ भएर प्रयत्न गर्न सकिएको खण्डमा शैक्षिक संस्थाबाट उपलब्धि हासिल हुन्छ भन्न सकिन्छ ।

# परिच्छेद पाँचः निष्कर्ष र सुझाव

यस परिच्छेदमा अध्ययनका लागि नमुना छनौटमा परेका विद्यालयहरुको स्थलगत सर्वेक्षण गरी प्राप्त तथ्याङ्कको तालिकीकरण, विश्लेषण एवं व्याख्यावाट प्राप्त हुन आएका जानकारीहरुका आधारमा निष्कर्ष निकालेर सुधार गर्नु पर्ने पक्षहरुलाई सुझावको रुपमा प्रस्तुत गरिएको छ ।

## ५.१. निष्कर्ष

प्रस्तुत अध्ययनमा माध्यमिक तहमा विद्यार्थीहरुको दुई बर्षको तथ्याङ्क विश्लेषण गर्दा विद्यार्थी सहभागितामा अघिल्लो बर्षको तुलनामा पछिल्लो बर्षमा छात्राको दर घट्दो र छात्राको भर्नादर बढ्दो पाइयो । समग्र भर्ना दरलाई हेर्दा भर्ना हुने दर बढेको पाइयो । त्यसैगरी उत्तिर्णदर पनि बढेकै पाइयो भने दहोर्‍याउने दर घटेको पाइयो ।

बीचैमा विद्यालय छाड्ने विद्यालय छाड्ने विद्यार्थीहरुको तथ्याङ्कलाई हेर्दा यस चुलाचुली क्षेत्रमा पहिलो बर्षको तुलनामा दोश्रो बर्ष बृद्धि भएको पाइयो । पहिलो बर्ष कक्षा नौ मा छात्रा १७ प्रतिशत, छात्र २२.९१ प्रतिशत र कक्षा दशमा छात्रा १०.१० प्रतिशत र छात्र १३.०५ प्रतिशत रहेको पाइयो । दुबै कक्षामा छात्रको तुलनामा छात्राहरुनै बीचैमा विद्यालय छाड्ने धेरै रहेको पाइयो ।

विद्यार्थीहरुले यसरी बीचैमा विद्यालय छाड्ने कारणहरुको खोजी गर्दा आर्थिक, शैक्षिक, सामाजिक तथा सास्कृतिक, घरायसी, वातवरणियर, उमेरगत, लैंगिक र अबालमैत्रि वातावरण जस्ता कारणहरु पाइयो । आर्थिक रुपमा निम्नमध्य वर्गियहरुको बसोबास रहेको समुदायका बालबालिकाहरु पकेट खर्च जुटाउनका लागि गिट्टी कुट्न, ढुङ्गा टिप्न, ट्याक्टर चलाउनतर्फ लाग्ने भएकाले विद्यालय छाड्ने गरेको पाइयो ।

शैक्षिक चेतनाको अभावले “पढेर को ठूलो भएको छ” भन्ने भावना व्याप्त रहेकाले अभिभावकले बालबालिकालाई विद्यालय जानमा रोक लगाउने गरेको पाइयो । त्यसैगरी बालबालिकाको घरको अवस्था पनि उनिहरुलाई विद्यालय छोडाउने कारण भएको तथ्य पाइयो । घरमा रहेका भाइबहिनीहरुलाई हेर्नु पर्ने, गाई बाख्रा चराउनु पर्ने साथै आमाबाबु बीचको झगडा र तनावको कारणले समेत विद्यालय छाड्ने विद्यार्थीको संख्या बढ्ने गरेको पाइयो । यस्ता अनेकौ कारणहरु जसले बालबालिकालाई नियमित विद्यालय जानबाट रोक लगाउने गरेको पाइयो ।

अनुसन्धान गरिएको क्षेत्रको विद्यालयहरुले ड्रपआउट न्यूनीकरणका लागि गरेका प्रयासको खोज गर्दा परीक्षा प्रणालीमा सुधार गर्दै लगेको पाइयो । जस अनुसार आवधिक परीक्षा प्रणालीका अलवा निरन्तर मूल्याङ्कन प्रणालीलाई अपनाएको पाइयो । त्यसैगरी विपन्न, दलित, सिमान्तकृत लगायत समुदायका बालबालिकाहरुका लागि छात्राबृद्धिको समानुपातिक वितरण गर्ने गरेको पाइयो । त्यसरी नै कतिपय विद्यालयहरुमा बालक्लवले समेत विपन्नहरुलाई विद्यालयमा टिकाइ राख्न विभन्न कार्यक्रमहरु गर्ने गरेको पाइयो ।

बालबालिकालाई विद्यालयमा टिकाइ राख्नका लागि विद्यालयहरुले भौतिक व्यवस्थापनमा सुधार, आधुनिक र प्रविधिक शिक्षा र शैक्षिक सामाग्रीहरुको प्रयोग गरेको पाइयो । रमाइलो वातावरण भएमा बालबालिकाहरु विद्यालयमा पढ्न रुचाउछन् भन्ने सोच साथ अतिरिक्त क्रियाकलाप अन्तर्गत नाटक, नृत्य, क्यारीकेचर लगायतका कार्यक्रममा समेत सहभागी गराउने गरेको पाइयो । त्यसैगरी बालबालिकाहरुलाई स्वःस्फूर्त रुपमा सहभागी हुन पाउनेगरी बालक्लव, जुरेस, रेडक्रस लगायतका संघ संस्थामा संलग्न हुने अवसरहरु प्रदान गर्न थालेको पाइयो ।

बीचैमा विद्यालय छाड्ने प्रबृतिको न्यूनीकरणका उपायहरुमा शैक्षिक चेतना अधिबृद्ध गर्नु पर्ने, गरिवी न्यूनीकरणका कार्यक्रमहरु अगाडि बढाइनु पर्ने, तालिम प्राप्त शिक्षकहरु प्रयाप्त मात्रामा व्यवस्था गर्नु पर्ने , सामाजिक र सास्कृतिक तथा घरायसी वातावरणमा सुधार ल्याउदै विद्यालयको भौतिक शैक्षिक वातावरणमा सुधार ल्याउदै व्यवसायिक प्राविधिक शिक्षामा जोड दिनु पर्ने निष्कर्ष निकालियो ।

## ५.२ सुझावहरु

यस शोध अध्ययन कार्यबाट प्राप्त निष्कर्षको आधारमा बीचैमा विद्यालय छाड्ने प्रवृतिमा देखापरेका समस्याहरुलाई न्यूनीकरण गरी समाधानको उपायहरुलाई प्रभावकारी बनाउन निम्न सुझावहरु प्रस्तुत गरिएको छ ।

### ५.२.१ नीतिगत तह

बीचैमा विद्यालय छाड्ने प्रवृतिलाई कम गर्नको लागि समाधानका उपायहरुको बारेमा छुट्टै नीति निर्माण गर्नु पर्दछ । यसमा पनि सामाजिक, आर्थिक, शैक्षिक भौगोलिक, जातिगत रुपमा पछि परेका अभिभावकहरुको छोराछोरीलाई उनीहरुको अवस्थासँग मेल खाने गरी पाठ्यक्रम निर्माण गरी लागु गर्नु पर्दछ ।

भाषागत रुपमा अल्पसंख्यक समुदाय भएको हुँदा विभिन्न क्षेत्र र विषयसँग सम्बन्धित धेरै भन्दा धेरै मातृभाषा बोल्न सक्ने शिक्षक शिक्षिकाहरु नियुक्त गर्नको निमित्त सरकारी तहमा नीति निर्माण गर्नु पर्दछ ।

भौगोलिक, आर्थिक र सामाजिक रुपमा पछि परेका अभिभावहहरुलाई जनचेतना अभिबृद्धिका लागि केन्द्रीय तहमा नीति निर्माण गरी कार्यान्वयन तहमा समेत अवलोकन र सुपरिवेक्षण गरिनु पर्दछ । यसरी मूलधारमा पर्न नसकेका समुदायमा शिक्षा लिइसकेपछि रोजगारीको लागि समानुपातिक ढंगले आरक्षणको व्यवस्था गरिनु पर्दछ ।

यसरी बीचैमा कक्षा छाडिनु पर्नका कारणहरुको खोजी गरी यसमा देखापरेका समस्याहरु त्था चुनौतीहरुको सामना गर्न राज्यले राष्ट्रिय र स्थानीय स्तरमा अनुगमन  तथा मूल्याङ्कन आयोग बनाई सम्बन्धित निकायलाई सक्रिय तुल्याउनु पर्दछ ।

स्थानीय, सरकारी तथा गैरसरकारी एवं नीजि क्षेत्रलाई समेत जनचेतना अभियानमा सरिक गराई लगानी गर्न प्रोत्साहित गर्ने खालका नीति नियमहरु निर्माण गरिनु पर्दछ । यी कार्यका लागि विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समितिका सदस्यहरु, स्रोत व्यक्तिहरु, समाजसेवीहरु एवं शिक्षाविद्हरुलाई समय समयमा जनचेतना अभियानमा सरिक गराई शिक्षाको प्रचार प्रसारमा एउटा नीति निर्माण गर्नु पर्दछ ।

यसैगरी दलित जातिहरुको लागि विशेष एवं छुट्टै प्रकारको छात्रवृत्ति दिने व्यवस्था गरिनु पर्दछ । विद्यालयिय शिक्षा पूर्ण व्यवसायिक र प्राविधिक किसिमको हुनुपर्ने देखिन्छ । प्रौढ शिक्षा संचालन गरी अभिभावकलाई शिक्षित तुल्याउने नीति लिनु पर्दछ । प्रत्येक माध्यमिक विद्यालयमा कम्तिमा १ जना महिला शिक्षिका अनिवार्य रुपमा व्यवस्था गर्नुपर्दछ भने कम विद्यालय छाड्ने विद्यार्थीहरु भएको विद्यालयलाई पुरस्कारको व्यवस्था गर्ने नीति लिनु पर्दछ ।

अव्यवहारिक शिक्षाको कारण शैक्षिक क्षति बारम्बार हुने गरेको छ । यस्तो समस्याबाट उन्मुक्तिको लागि सरकारले अनिवार्य व्यवसायिक शिक्षा प्रदान गर्ने नीति लागु गर्नु पर्छ । जसको कारण शैक्षिक बेरोजगारहरुको जमात तयार नहोस । पढेपछि स्वरोजगारको बाटो खुल्न सक्ने हो भने बीचैमा विद्यालय छाड्ने दरलाई न्यूनीकरण गर्न सकिन्छ ।

## ५.२.२ अभ्यास तह

विद्यालयमा शैक्षिक सुधारका लागि कक्षासंचालनहुने भवन,चौर,कक्षाकोठा,भेन्टिलेसन, झ्यालढोका, विद्यालय वरिपरिको वातावरण रमाइलो र मन लोभ्याउने खालको बनाउनु पर्दछ । यसका साथै शिक्षक शिक्षिकाको व्यवहारमा समेत सुधार गरी मायालु एवं बालमैत्री सिकाई गर्नु पर्दछ ।

विद्यालयको कक्षाकोठामा बालबालिकाहरुबीच आपसी सम्बन्धमा सुधार गर्न नितान्त जरुरी छ जबकि साथीहरुको मिलनसारिताले पनि कक्षा बीचैमा छाड्ने प्रवृतिलाई कम गर्न सक्छ । विद्यार्थीहरुको शैक्षिक स्तर उकास्न ट्युसन तथा कोचिङ कक्षा संचालन गर्नु पर्दछ ।

बालबालिकाको घरायसी व्यवहारदेखि उनीहरुको इच्छा र आवश्यकताहरुको सम्बोधन गर्नु पर्दछ । प्रशस्त मात्रामा रमाइला रमाइला पुस्तकहरु, खेलौनाहरु, सांस्कृतिक कार्यक्रमहरु, अतिरिक्त क्रियाकलापहरु संचालन अगरेर पनि विद्यार्थीहरुको कक्षा छाड्ने प्रवृतिको अन्त्य गर्न बल पुग्ने खालका कार्यक्रमहरु संचालन गरिनु पर्दछ ।

अभिभावकहरुमा शैक्षिक चेतना जगाउने कार्यक्रमहरु संचालन गरिनु पर्दछ । गरिबीको कारण नै धेरै बालबालिकाहरुले विद्यालय बीचैमा छाड्ने प्रवृति बृद्धि भएको देखिएकोले विद्यार्थीका अभिभावकलाई आय आर्जन हुने कार्यमा संलग्न गराउनु पर्दछ । विद्यालयमा बालबालिकाहरुलाई मायालु वातावरण तथा मनोवैज्ञानिक तरिकाले अध्यापन गर्नु पर्दछ । प्रशस्त मात्रामा शैक्षिक सामाग्री प्रयोग गर्नुको साथै गरेर सिक  को नीति लिनु पर्दछ ।

सकेसम्म बालबालिकाको स्वास्थ्य परीक्षणको लागि चिकित्सकको व्यवस्था गरी प्रत्येक महिनामा एक पटक स्वास्थ्य परीक्षण गर्नु पर्दछ । प्रत्येक ४ महिनामा विद्यार्थीको शैक्षिक प्रगतिबारे छलफल गर्न अभिभावकको भेला गराउनु पर्दछ । उपरोक्त क्रियाकलाप गर्न सकेको खण्डमा विद्यार्थीहरुले बीचैमा विद्यालय छाड्ने प्रवृतिलाई कम गर्न सकिन्छ ।

हरेक विद्यालयहरु बालमैत्री र बालिका मैत्री हुनु पर्छ । बालबालिकाहरु मायालु वातावरण र मैत्रीपूर्ण वातावरणमा अध्ययन गर्न पाएको खण्डमा विद्यालय छाडेर जान खोज्दैनन् ।

## ५.२.३ अनुसन्धान तह

आजको शिक्षाप्रतिको अभिभावकहरुको धारणामा व्यापक सुधार नगरी बालबालिकाको अध्ययन कार्यमा सुधार गर्न सकिंदैन यसका लागि विद्यार्थी, अभिभावक, शिक्षक शिक्षिका, समाज ,

वातावरण, आर्थिक सामाजिक कारणहरु, सांस्कृतिक कारणहरु तथा त्यसका सुधारका उपायहरुको जरैबाट खोजी नगरी विद्यार्थीले विद्यालय बीचैमा छाड्ने प्रवृतिलाई कम गर्न सकिंदैन । तसर्थ यस क्षेत्रमा विषय विशेषज्ञ, शिक्षाविद्, खोज अनुसन्धानकर्ता, मनोवैज्ञानिक, सामाजिक कार्यकर्ताहरुले राम्ररी निम्न क्षेत्र तथा विषयहरुमा माथि उल्लेखित सरोकारवालाहरुले थप अध्ययन अनुसन्धान गर्न सक्ने छन् ।

थप अध्ययनका लागि विद्यार्थी र अभिभावकहरुको अपेक्षा र उपलब्धिहरु, विद्यार्थीहरुले विद्यालय बीचैमा नछाड्ने अवस्थाको अध्ययन, विद्यालयको भौतिक अवस्थाको अध्ययन, बीचैमा विद्यालय छाड्ने कारण पत्ता लगाई व्यवस्थापन पक्ष शिक्षक शिक्षिका, प्र.अ., अभिभावक कुन पक्षबाट कमी कमजोरी भएको हो सो कुरा पत्ता लगाई समयमै निराकरण गर्ने सम्बन्धमा अध्ययन, चुलाचुली गा.वि.स. मा माध्यमिक तहमा विद्यालय छाड्ने छात्रा र छात्रहरुको तुलनात्मक अध्ययन, शिक्षक, अभिभावक र विद्यालय छाड्ने विद्यार्थीहरुको सम्बन्ध एक अध्ययन,दलित जातिहरुमा बढी कक्षा छाड्ने प्रवृतिको कारणहरु,इलाम जिल्लामा माध्यमिक तह छाडेर बसेका विद्यार्थीहरुको व्यवहारको अध्ययन, सामुदायिक र संस्थागत विद्यालयमा बीचैमा विद्यालय छाड्ने विद्यार्थीको तुलनात्मक अध्ययनआदि शीर्षकहरु सिफारिस गरिएको छ ।

## सन्दर्भ सामाग्री


जिल्ला शिक्षा कार्यालय, (२०७०), *एस.एल.सी नतिजा विश्लेषण,* इलाम : लेखक ।

जिल्ला शिक्षा कार्यलय,(२०७१/०७२),सिकाइ उपलब्धि विश्लेषण , इलाम : लेखक ।

गुरुङ,श्रीप्रसाद,( २०६४), *सामुदायिक प्राथमिक विद्यालयहरुमा प्राथमिक तहको शिक्षा पूरा नगरी बीचैमा विद्यालय छाड्नका कारणहरु एक अध्ययन* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), महेन्द्ररत्न क्याम्पस, ताहचल, काठमाडौं ।

निरौला, सोमनाथ, (२०६५), *प्राथमिक तहमा पुन: विद्यालय प्रवेश गर्ने बालबालिकाहरुको अवस्था र चुनौती एक अध्ययन* (अप्रकाशित स्नातकोत्तर शोधपत्र),त्रि.वि.,शिक्षा संकाय, किर्तिपूर ।

सुब्बा, रुखमान,( २०७०) *सामुदायिक प्राथमिक विद्यालयमा बीचैमा विद्यालय छाड्ने कारण*

(अप्रकाशित स्नातकोत्तर शोधपत्र), धनकुटा वहुमुखी क्याम्पस, धनकुटा

मिश्र, अनुपम ( २०७२),दुई स्वतन्त्र स्कुलको आलोकमा शिक्षा कति सर्जन कति विसर्जन, *शिक्षक मासिक,* वर्ष ८, अंक ९५, पृष्ठ ४२- ४८ ।

ढकाल, सुर्दशन (२०६१) *माध्यमिक तहको शिक्षण सिकाइ सुधारमा प्रधानाध्यापकको भूमिका एक अध्ययन* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), महेन्द्ररत्न क्याम्पस, ताहचल, काठमाडौं ।

खनाल, कल्पना (२०५७) *महिला शिक्षा बार्षिक प्रकाशन,*शिक्षा विभाग, महिला शिक्षा शाखा,सानो ठिमी, भक्तपूर ।

नेपाल, जनार्दन र नेपाल, चन्द्रावती ( २०६४) *नेपालको शिक्षा प्रणाली चुनौतीहरु र सम्भावना,* काठमाडौं

लम्साल, हरिप्रसाद (२०६४), समकालिन शैक्षिक चुनौती र भावी शिक्षा, *सोपान मासिक,* ।

*शैक्षिक समाचार* (२०६४) शिक्षा विभाग, सानोठिमी, भक्तपूर ।

Pradhan, R.B.(1975).*A study of extend and causes of dropouts in primary schools of Dhankuta village panchayat* (Unpublished master degree thesis). Dhankuta multipal cumpas. Dhankuta

## माध्यमिक तहमा विद्यार्थीहरुले बीचैमा विद्यालय छाड्ने कारणहरु

## अनुसुची - १ शिक्षकलाई प्रश्नावली

विद्यालयको नाम र ठेगाना :- ....................................... योग्यता :- ................

शिक्षकको नाम थर :- ....................................... तालिम :- ................

कार्य अनुभव वर्ष :- ................................................

१. तपाईलाई सवैभन्दा मनपर्ने पेशा कुन हो र किन ?

२. शिक्षण कार्यलाई प्रभावकारी बनाउन के गर्नुपर्ला र यसमा तपाईको के धारणा छ?

३. तपाईंको कक्षामा विद्यार्थीहरु पढ्न उत्सुक देखिन्छ ? देखिन्छ भने त्यसका लागि

के-के उपाय लगाउनु हुन्छ ?

४. विद्यालय छाड्नुअघि तिनीहरु नियमित रुपमा विद्यालयमका उपस्थित हुन्थे कि हुँदैनथे ? हुन्थे भने कति हुन्थे ?

५. विद्यालयमा आयोजना हुने खेलकुद तथा अतिरिक्त / सहक्रियापलापमा नियमित

रुपमा सहभागी हुन्थे ?

६. गृहकार्य दैनिक रुपमा गर्थे ?

७. विद्यालय आउँदा सधैं किताब कलम कापी ल्याउँथे ?

८. सोधेको प्रश्नको सधैं जवाफ दिन्थे ? दिँदैनथे भने किन ?

९. तिनीहरु अनुशासित थिए ? थिएनन् ? थिएनन् भने किन ?

१०. पाठ्यपुस्तक र शैक्षिक सामाग्रीले समस्या उत्पन्न गरेको छ ?

११. विद्यार्थीहरु भर्ना भएर तह पूरा नगरी बिचैमा विद्यालय छाड्नका कारण के होला ?

१२. यो समस्याको उचित समाधानका उपायहरु के के होलान् ?

१३. विद्यालयमा विद्यार्थी र शिक्षक, विद्यार्थी विद्यार्थीको सम्बन्ध सुमधुर छ ?

## माध्यमिक तहमा विद्यार्थीहरुले बीचैमा विद्यालय छाड्ने कारणहरु

## अनुसुची - २

### अभिभावकलाई प्रश्नावली

अभिभावकको नाम थर :- ............................ शैक्षिक योग्यता :-

नाता :- ...................................पेशाः- ............................................. सन्तान संख्या :-

१. तपाईं आफ्ना छोराछोरी के काममा लागुन् भन्ने चाहाना राख्नु हुन्छ ?

२. तपाईंका छोराछोरीमध्ये कतिले विद्यालय पढ्दैछन् र कतिले पढ्न छाडे ?

३. के तपाईं पढ्न छाडेको छोराछोरीलाई किताब कापी र कलम किनीदिनुहुन्थ्यो ?

४. के तपाईंको छोराछोरी दैनिक विद्यालय जान्थे ? कसरी थाहा पाउनुहुन्थ्यो ?

५. अहिले तपाईंका छोराछोरी के गरेर समय बिताउँछन् ?

६. कुनै कुलतमा बानी परेको छ ? यदि छ भने के मा ?

७. के अहिले पनि पढ्ने लेख्ने काम गर्छ ?

८. के उसको समाज र परिवारसँग राम्रो सम्बन्ध छ ? छैन भने किन ?

९. तपाईंको छोराछोरी विद्यालय पढ्दा अनुतीर्ण भए ? भए भने कति पटक ?

१०. स्कूल पढिरहँदा र अहिलेको व्यावहारमा केहि फरक छ ?

११. विद्यालय छाड्दा उसको उमेर कति थियो ?

१२. विद्यालय छाड्दा ऊ विवाहीत थियो ? होएन भने विवाह कहिले भयो ?

१३. भर्ना भइ कक्षा पूरा नगरी बीचैमा विद्यालय छाड्नका कारण के हो ?

१४. तह पूरा नगरी बीचैमा विद्यालय छाड्ने समस्यालाई कसरी समाधान गर्न सकिन्छ ?

१५. तह पूरा नगरी बीचैमा कक्षा छोड्नुको मूलकारणमा को जिम्मेवार होला ?

## माध्यमिक तहमा विद्यार्थीहरुले बीचैमा विद्यालय छाड्ने कारणहरु

## अनुसुची - ३ विद्यार्थीहरुका लागि प्रश्नावली

विद्यार्थीको नाम थर :- ................

ठेगाना :- ................................ विद्यालय छाडेको समय :-

उमेर :- ................................. पढ्न छाडेको कक्षा :-

१. तपाईलाई सबैभन्दा बढी र कम मनपर्ने कार्यहरु के के हुन् ?

२. पढ्न र लेख्न रुची लाग्छ ?

३. विद्यालयमा शिक्षकले पढाएको राम्ररी बुझिन्थ्यो ?

४. शिक्षकले पढाइरहँदा रमाइलो लाग्थ्यो ?

५. शिक्षकलाई सँधै गृहकार्य गरेर देखाउने गर्थ्यौ ?

६. विद्यालयमा पढ्दा दण्ड सजाय पायौ ?

७. कुनै कुरामा लत बसेको छ ? छ भने के मा लत बसेको छ ?

८. विद्यालयमा पढ्दा किताब कापी कलम किन्ने रकम अभिभावकले दिनु हुन्थ्यो ?

९. परीक्षामा अनुतीर्ण पनि भयौ ? भयौ भने कति पटक ? कुन कुन कक्षामा ?

१०. तिमी कुनै रोगबाट पिडित छौ ? भए कुन रोगबाट ?

११. घरमा सधैं काम गरिरहनु पर्छ ?

१२. तिमी विद्यालय छोड्दा कति वर्षका थियौ ?

१३. पढाइ छाड्दा कसैने पढाइ नछोड्न सल्लाह निदुभयो ?

१४. के अहिले पढ्ने अवसर पायौ भने पढ्छौ ?

१५. के तिम्रा दाई दिदी भाई बहिनीहरु पढ्छन् ?

१६. तिमीले विद्यालयमा भर्ना भएर बीचैमा छोड्नका कारणहरु के के हुन् ?

१७. विद्यार्थीले बीचैमा पढाइ छाड्ने समस्यालाई कसरी समाधान गर्न सकिन्छ ?

## माध्यमिक तहमा विद्यार्थीहरुले बीचैमा विद्यालय छाड्ने कारणहरु

### अनुसुची - ४ प्र.अ.को लागि प्रश्नावली

प्र.अ.को नाम :- शैक्षिक योग्यता :-

विद्यालयको नाम :- अनुभव वर्ष :-

तह र श्रेणी :-

१. तपाईंको विद्यालयमा वार्षिक कार्यपात्रो निर्माण र यसको प्रयोगको अवस्था कस्तो छ ?

२. नीजि स्रोतमा पनि शिक्षक राख्नुभएको छ कि ? राख्नुभएको छ भने कति जना ?

३. तपाईंको विद्यालयमा विद्यालयप्रति शिक्षक शिक्षिकाहरुको व्यवहार अध्ययन गर्नुभएको छ ?

४. पाठ्यपुस्तक बाहेक शैक्षिक सामाग्रीको उपलब्धता र प्रयोगको अवस्था कस्तो छ ?

५. शिक्षकहरुको कक्षा अवलोकन कस्तो प्रक्रियाबाट गर्दै आउनुभएको छ ?

६. विद्यार्थीले समयमै पाठ्यपुस्तक पाउने गरेका छन् ?

७. विद्यार्थीले पाउनुपर्ने छात्रवृक्ति सवैले पाएका छन् ?

८.तपाईंले अभिभावक भेला गराई विद्यार्थीहरुको अवस्थाको बारेमा अभिभावकलाई जानकारी गराउँदै आउनुभएको छ ?

९. विचैमा विद्यालय छाड्ने विद्यार्थी र उनीहरुको अभिभावकलाई भेटेर कुरा गर्नुभएको छ ?

१०. गरीब बालबालिकालाई विद्यालय आउने वातावरण सिर्जना गर्न कुन कुन उपायहरु गर्नुभएको छ ?

११. तपाईंको विद्यालय सेवाक्षेत्रभित्र कति बालबालिकाहरु बीचैमा विद्यालय छाडेका छन् ?

१२. उदार कक्षोन्नती प्रक्रिया अगाडि बढाउनुभएको छ ?

१३. अभिभाकहरुको घरमा कहिलेकाहीं जाने र भलाकुसारी गर्ने गर्नुभएको छ ?

१४. वि.व्य.स. वैठकमा बीचैमा विद्यालय छाड्ने विद्यार्थीहरुलाई पुनः विद्यालयमा ल्याउने योजनाको बारेमा छलफलका लागि प्रस्ताव लैजानुभएको छ ?

१५. विद्यालयमा बालमैत्री शिक्षाका लागि कस्ता कस्ता कार्यक्रमहरु गर्नुभएको छ ?

१६. कस्तो खालको सहयोग भएमा विद्यार्थीले बीचैमा कक्षा छाड्दैनन् ?

१७. विद्यार्थीका गुनासाहरुको बारेमा शिक्षक स्टाफ बैठकमा छलफलमा ल्याउनुभएको छ ?

## माध्यमिक तहमा विद्यार्थीहरुले बीचैमा विद्यालय छाड्ने कारणहरु

## अनुसुची - ५ स्रोतव्यक्तिका लागि प्रश्नावली

स्रोतव्यक्तिको नाम थर :- शैक्षिक योग्यता :-

स्रोतकेन्द्रको नाम र ठेगाना :- अनुभव वर्ष :-

१. तपाईंको स्रोतकेन्द्रमा कतिवटा माध्यमिक तह पढाईहुने विद्यालयहरु छन् ?

२. विद्यालयको सुपरिवेक्षण कति समयको अन्तरालमा हुने गर्छ ?

३. विद्यालयमा सुपरिवेक्षणको क्रममा कक्षा अवलोकन पनि गर्नुहुन्छ ?

४. प्र.अ. तथा शिक्षकहरुको गुनासा पनि आउने गर्छ कि ?

५. तपाईको स्रोतकेन्द्रका विद्यालयहरुमा के कस्ता समस्याहरु पउनु भएको छ ?

६. तपाईंको स्रोतकेन्द्र भित्रका विद्यालयहरुमा प्राथमिक तहमा बीचैमा विद्यालय छाड्ने विद्यार्थीहरुको प्रवृतिको मूल कारण के हो जस्तो लाग्छ ?

७. विद्यालय बीचैमा छाड्ने प्रवृक्तिलाई रोक्न के के उपायहरु गर्न सकिएला ?

८. स्रोतकेन्द्र भित्रका विद्यालयहरुको तथ्याङ्क शुद्धरुपमा अद्यावधिक राख्नुभएको छ ?:

९. शिक्षक, प्र.अ., विद्यार्थी र अभिभावकहरुलाई शैक्षिक जागरणको बारेमा प्रशिक्षण दिनुभएको छ ?

## माध्यमिक तहमा विद्यार्थीहरुले बीचैमा विद्यालय छाड्ने कारणहरु

## अनुसुची - ६ वि.व्य.स. अध्यक्षको लागि सोधिने प्रश्नावली

अध्यक्षको नाम र थर :- शैक्षिक योग्यता :-

विद्यालयको नाम र ठेगाना :- अनुभव वर्ष :-

१. विद्यालयको विकासका लागि के कति समय दिदैं आउनुभएको छ ?

२. शिक्षक प्र.अ. र तपाईंबीच कस्तो सम्बन्ध छ ?

३. विद्यालयको कुन पक्षमा बढी कमी कमजोरी महशुस गर्नुभएको छ ?

४. वि.व्य.स. बैठकमा कस्ता कस्ता खालका निर्णयहरु गराउनु हुन्छ ?

५. वि.व्य.स. बाट पारित निर्णयहरु कार्यान्वयनको अवस्था कस्तो छ ?

६. नयाँ शिक्षक नियुक्तिको समयमा कुनै दवाव आएको छ ? छ भने कुन क्षेत्रबाट बढी आउँछ ?

७. विद्याालयको वार्षिक बजेटमा कुन विषयलाई प्राथमिकतामा राख्नुहुन्छ ?

८. विद्यालय सेवाक्षेत्रभित्रका बालबालिकाहरुको बीचैमा पढाइ छाड्ने प्रवृत्ति सम्बन्धमा कति जानकार हुनुहुन्छ ? हुनुहुन्छ भने के के कारण जस्तो लाग्छ ?

९. विद्यालयमा बालमैत्री शिक्षा रहेको महशुस गर्नुहुन्छ ?

१०. विद्यालय निर्माण र सञ्चालनमा सबै सरोकारवालाहरुको सहभागिता छ ?

११. विद्यालयमा सबैखाले विद्यार्थीहरुले समान रुपमा शिक्षा प्राप्त गर्दैछन् जस्तो लाग्छ ?

१२. अन्त्यमा विद्यालयको शैक्षिक अवस्था सम्बन्धमा भन्न मन लागेको केही कुरा छ की ?

## माध्यमिक तहमा विद्यार्थीहरुले बीचैमा विद्यालय छाड्ने कारणहरु

## अनुसूची ७ अभिभावक, विद्यार्थी समूहगत छलफल निर्देशिका

१. अभिभावकको विद्यालयप्रतिको धारणा :-

क. विद्यालयको पठनपाठन सम्बन्धमा

ख. शिक्षाप्रतिको धारणा

ग. विद्यालयलाई पुऱ्याउने सहयोग

घ. विद्यालयको रिजल्ट

२. पाठ्यपुस्तक समयमै पाउने गर्नुभएको छ ?

३. विद्यार्थी मूल्याङ्कन कसरी गर्ने गरिएको छ ?

४. विद्यार्थीहरुलाई बालमैत्री शिक्षा दिइएको छ ?

५. तपाईको विद्यालयमा अतिरिक्त कक्षा संचालनको व्यवस्था छ ?

६. अतिरिक्त क्रियाकलापमा शिक्षक-विद्यार्थी सहभागिताको अवस्था कस्तो छ ?

७. शिक्षण सिकाई प्रक्रियामा कुनै समस्याहरु देख्नुभएको छ ?

८. प्रभावकारी शिक्षण सिकाइका उपायहरु के के हुन सक्छन् ?

९. विद्यालयमा प्र.अ., शिक्षक तथा विद्यार्थी बीचको आपसी सम्बन्ध राम्रो बनाइ राख्न अरु के के गर्न सकिन्छ ?

## माध्यमिक तहमा विद्यार्थीहरुले बीचैमा विद्यालय छाड्ने कारणहरु

## अनुसूची ८

## छनौटमा परेका विद्यालय छाड्ने विद्याथीहरु र उनिहरुका अभिभावकहरुको विवरण

| क.सं | विद्यालयको नाम, ठेगाना | क.सं. | विद्यार्थीको नाम | कक्षा | अभिभावकको नाम | ठेगाना |
|---|---|---|---|---|---|---|
| १ | श्री जनता मा.वि. चुलाचुली १ कमल | १ | भीममाया कार्की | ९ | उदय कार्की | चुलचुली १ |
| | | २ | सन्दिप नेपाली | ९ | हर्क ब. नेपाली | चुलाचुली १ |
| | | ३ | योगेश लावती | १० | लालसिंह लावती | चुलाचुली १ |
| २ | श्री जनता उ.मा.वि. चुलाचुली ३ बाह्रगोठे | १ | देवराज योङ्या | १० | योगेन्द्र योङ्या | चुलाचुली ३ |
| | | २ | विपना राई | १० | रामकुमार राई | चुलाचुली ४ |
| | | ३ | बीना कुमाल | ९ | धनबीर कुमाल | चुलाचुली ३ |
| ३ | श्री किराँतेश्वर मा.वि. चुलाचुली ६ पेल्टिमारी | १ | सदिक्षा राना राई | ९ | भूमान राना राई | चुलाचुली ६ |
| | | २ | पूर्णिमा पन्दाक | ९ | हर्कध्वज पन्दाक | चुलाचुली ६ |
| | | ३ | देउकुमारी ठटाल | १० | नरबहादुर ठटाल | चुलाचुली ५ |
| ४ | श्री बालज्योति मा.वि. चुलाचुली ७ आइतवारे | १ | विकल लिम्वू | ९ | हरीकुमार लिम्बू | चुलाचुली ७ |
| | | २ | प्रनिशा विक | ९ | रामबहादुर विक | चुलाचुली ७ |
| | | ३ | हर्कमाया राई | १० | शोभालक्षि राई | चुलाचुली ७ |
| ५ | श्री भानु मा.वि. चुलाचुली ८ बुकुवा | १ | नविना रसाइली | ९ | जीवन रसाइली | चुलाचुली ८ |
| | | २ | मनबहादुर सुव्वा | १० | सूर्यबहादुर सुब्बा | चुलाचुली ८ |
| | | ३ | विनिता लावती | ९ | प्रेमबहादुर लावती | चुलाचुली ८ |
| ६ | श्री बाँझोगाँउ मा.वि. चुलाचुली ९ शिखरकटेरी | १ | स्पिता राई | ९ | धरेन्द्र राई | चुलाचुली ९ |
| | | २ | जसोदा राई | ९ | बृखबहादुर राई | चुलाचुली ९ |
| | | ३ | कुमार बि क | १० | सुखबीर विक | चुलाचुली ९ |

## माध्यमिक तहमा विद्यार्थीहरुले बीचैमा विद्यालय छाड्ने कारणहरु

## अनुसूची ९

## छनौटमा परेका शिक्षक, शिक्षिका, प्र.अ.र वि.व्य.स.अध्यक्षहरुको विवरण

| क.सं | विद्यालयको नाम, ठेगाना | क.सं | शिक्षक, शिक्षिका, प्र.अ.को नाम | क.सं | वि.व्य.स.अध्यक्षको नाम |
|---|---|---|---|---|---|
| १ | श्री जनता मा.वि. चुलाचुली १ कमल | १<br>२<br>३ | हरीप्रसाल ढकाल (प्र.अ.)<br>तुलसीप्रसाद भट्टराई(शिक्षक)<br>नरेन्द्रविक्रम सम्बाहाम्फे(शिक्षक) | १ | छवि दाहाल |
| २ | श्री जनता उ मा.वि. चुलाचुली ३ बाह्गोठे | १<br>२<br>३ | लक्ष्मेस्वर बनबरिया(प्र.अ.)<br>होमनाथ खतिवडा(शिक्षक)<br>सरस्वती नेपाली(शिक्षक) | २ | मोहन देवान |
| ३ | श्री किराँतेश्वर मा.वि. चुलाचुली ६ पेल्टिमारी | १<br>२<br>३ | कमलप्रसाद अधिकारी(प्र.अ.)<br>ऋषिराम काफ्ले (शिक्षक)<br>हिमा खतिवडा (शिक्षक) | ३ | देउमान गिरी |
| ४ | श्री बालज्योति मा.वि. चुलाचुली ७ आइतवारे | १<br>२<br>३ | रुखमान सुब्बा (प्र.अ.)<br>बन्दना भट्टराई (शिक्षक)<br>हेमराज पौडेल (शिक्षक) | ४ | सेतुप्रकाश राई |
| ५ | श्री भानु मा.वि. चुलाचुली ८ बुकुवा | १<br>२<br>३ | रघुनाथ मिश्र (प्र.अ.)<br>विमला भण्डारी (शिक्षक)<br>राजेन्द्र खनाल (शिक्षक) | ५ | खड्ग पौडेल |
| ६ | बाँझोगाँउ मा.वि. चुलाचुली ९ शिखरकटेरी | १<br>२<br>३ | धर्मप्रसाद आचार्य (प्र.अ.)<br>निशा तिवारी (शिक्षक)<br>किरण सुबेदी (शिक्षक) | ६ | बर्तकुमार राई |

## अनुसूची १०
## अवलोकन फारम
## कक्षाको व्यवस्थापन विवरण २०७२

| क.सं | विवरण | श्री जनता मा.वि. चुलाचुली–१ | श्री जनताउच्च मा.वि. चुलाचुली ३ | श्री किराँतेश्वर मा.वि. चुलाचुली–६ | श्री बालज्याति मा.वि. चुलाचुली–७ | श्री भानु मा.वि. चुलाचुली–८ | श्री बाभ्फोगाउ मा.वि. चुलाचुली–९ |
|---|---|---|---|---|---|---|---|
| १ | कक्षाकोठाको अवस्था | राम्रो छ | राम्रो छ | राम्रो छ | राम्रो छ | सामान्य छ | सामान्य छ |
| २ | बसाई व्यवस्थापन | नमिलेको | सामान्य | सामान्य | सामान्य | नमिलेको | नमिलेको |
| ३ | कक्षाको भूईको अवस्था | सिमेन्ट प्लास्टर | सिमेन्ट प्लास्टर | सिमेन्ट प्लास्टर | सिमेन्टप्लास्टर | सिमेन्ट प्लास्टर | सिमेन्ट प्लास्टर |
| ४ | डेक्स, बेन्च | राम्रो | राम्रो | राम्रो | राम्रो | सामान्य | अपुग छ |
| ५ | प्रकासको अवस्था | राम्रो | राम्रो | राम्रो | राम्रो | सामान्य | राम्रो |
| ६ | हावा खेल्ने | सामान्य | राम्रो | राम्रो | राम्रो | सामान्य | सामान्य |
| ७ | बिजुली | छ | छ | छैन | छैन | छैन | छ |
| ८ | भ्याल ढोकाको अवस्था | राम्रो | राम्रो | राम्रो | राम्रो | छैन | सामान्य |
| ९ | अपाङ्ग मैत्री | छैन | छैन | छैन | छैन | छैन | छैन |
| १० | सरसफाई | ठिकै छ | ठिकै छ | ठिकै छ | ठिकै छ | ठिकै छ | सामान्य |
| ११ | बाहिरी हल्ला | छैन | थोरै प्रभाव | सामान्य | छैन | छैन | सामान्य |
| १२ | भित्ते सामग्रीहरुको अवस्था | थोरै छ | सामान्य छ | प्रयाप्त | थोरै छ | थोरै | थोरै |

## माध्यमिक तहमा विद्यार्थीहरुले बीचैमा विद्यालय छाड्ने कारणहरु

## अनुसूची ११
## विद्यालय सर्वेक्षण विवरण २०७२

| क.सं | विवरण | श्री जनता मा वि. चुलाचुली–१ | श्री जनता उ.मा.वि. चुलाचुली –३ | श्री किराँतेश्वर मा वि. चुलाचुली –६ | श्री बालज्याति मा वि. चुलाचुली–७ | श्री भानु मा वि.चुलाचुली ८ | श्री बाभ्फोगाँउ मा.वि.चुलचुली–९ |
|---|---|---|---|---|---|---|---|
| १ | शौचालयको अवस्था | राम्रो | राम्रो | राम्रो | राम्रो | अपुग छ | ठिकै |
| २ | खानेपानी | छ | छ | छ | अपुग छ | छैन | छैन |
| ३ | खेल मैदान | छ | छ | सामान्य | छ | अपुग | अपुग |
| ४ | खेल सामग्री | अपुग छ | अपुग छ | अपुग छ | पुरा छ | अपुग छ | अपुग छ |
| ५ | बालमैत्री व्यवहार | छैन | छैन | छैन | छैन | छैन | छैन |
| ६ | विद्यालय हातामा बार | छ | छ | छैन | सामान्य | छैन | छैन |
| ७ | सडक | छ | छ | छ | छ | छ | छ |
| ८ | शिक्षकको नियमितता | छैन | छैन | छ | छ | छ | छ |
| ९ | विद्यार्थीको नियमितता | छैन | छैन | छ | छ | छैन | छैन |
| १० | अभिभावको चासो | छैन | छैन | छैन | सामान्य | छैन | छैन |
| ११ | शिक्षक विद्यार्थी अर्न्तक्रिया | छ | छ | छ | छ | छ | छ |
| १२ | शिक्षक अभिभावक अर्न्तक्रिया | छैन | छैन | छ | छ | छैन | छैन |
| १३ | स्रोत व्यक्ति/वि.नि.को अनुगमन | छ | छ | छ | छ | छ | छ |